विधेयक संख्याः

# पर्यटन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८१

संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०८१, चैत

## उद्देश्य र कारण

पर्यटकीय गतिविधिको प्रवर्धन, पर्यटन उद्योगको व्यवस्थापन तथा नियमन गर्न, पर्यटकको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न तथा पर्यटन क्षेत्रको दिगो विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य अभिवृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न पर्यटन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले यो विधेयक पेश गरेको छु ।

बद्री प्रसाद पाण्डे
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

चैत, २०८१

# आर्थिक टिप्पणी

पर्यटकीय गतिविधिको प्रवर्धन, पर्यटन उद्योगको व्यवस्थापन तथा नियमन गर्न, पर्यटकको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न तथा पर्यटन क्षेत्रको दिगो विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य अभिवृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न यो विधेयक बनाईएको छ।

पर्यटनसँग सम्बन्धित व्यवसाय ट्राभल, ट्रेकिङ्ग, पर्वतारोहण, पथप्रदर्शक, साहसिक खेल पर्यटन, उद्धार, पर्यटकस्तरका होटल, रिसोर्ट, लज, रेष्टुराँ, बार आदिको इजाजत प्रकृया, नवीकरण सम्बन्धी विषय, व्यवसायीहरूले पालना गर्नुपर्ने कर्तव्य र दायित्व, सोको उल्लंघनमा दण्ड सजाय सम्बन्धी व्यवस्था, विश्व पर्यटन बजारमा देखा परेका अन्य पर्यटन व्यवसायलाई नियमन, फोहोरमैला व्यवस्थापन, विदेशीहरूको कार्य अनुमति जस्ता विविध विषयहरूका साथै क्यासिनो इजाजत तथा नवीकरण, रोयल्टी व्यवस्थापन सम्बन्धी व्यवस्था समेत समावेश गरिएको छ।

प्रस्तुत विधेयकमा होटल तथा रिसोर्ट सञ्चालनको इजाजत तथा नवीकरण, पर्वतारोहणको अनुमति वापतको रोयल्टी, क्यासिनो सञ्चालनको इजाजत तथा नवीकरण, वातावरण सरसफाई शुल्क, दण्ड जरिवाना जस्ता कार्यबाट राजस्व प्राप्त हुने र प्रशासनिक कार्यको लागि नेपाल सरकारलाई केही आंशिक आर्थिक दायित्व पर्न सक्ने व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु ।

बद्री प्रसाद पाण्डे
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

चैत, २०८१

## सैद्धान्तिक अवधारणा

नेपालको संविधानको धारा ५१ (७) मा नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवम् प्रचार-प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने उल्लेख भएको, नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको, पर्यटन नीति र पर्यटन दस्तुर संघको अधिकार सूचीमा, पर्यटन प्रदेशको अधिकार सूचीमा, पर्यटन तथा क्यासिनोलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा र पर्यटन शुल्क स्थानीय तहको एकल तथा तीन वटै तहको साझा अधिकारको सूचीमा समावेश छ।

विद्यमान पर्यटन ऐन, २०३५ बाट यी संवैधानिक व्यवस्थाहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने अवस्था रहेको छैन। ऐनको वर्तमान व्यवस्थाले लामो समयदेखि सञ्चालनमा रहेका क्यासिनो व्यवसायलाई सम्बोधन गर्न नसकेको अवस्था छ। बढी खर्च गर्ने पर्यटक भित्र्याउने एक प्रमुख माध्यमको रुपमा रहेको यस उद्योगको नियमन गरी व्यवस्थित गर्न आवश्यक देखिएको छ। क्यासिनो लगायत अन्य नवीन पर्यटकीय गतिविधि व्यवस्थित गर्ने सम्बन्धमा बदलिँदो अवस्था र बजारको मागलाई समेत सम्बोधन गर्ने गरी ऐनमा समावेश गर्नुपर्ने भएको हुँदा पर्यटन सम्बन्धी कानूनी व्यवस्था गर्न विधेयक तयार गरिएको हो।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताको कार्यान्वयन गर्न क्यासिनो लगायत पर्यटकीय गतिविधिबाट हुनसक्ने सम्पत्ति शुद्धीकरण नियन्त्रण गर्न क्षेत्रगत कानूनमै उक्त विषयलाई समावेश गरी कार्यान्वयनमा लैजान पनि ऐनको आवश्यकता देखिएको छ।

नेपालको तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता भएको क्षेत्रको रुपमा रहेको पर्यटन विकास र प्रवर्धनलाई आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रम एवं बजेटले प्राथमिकता दिदै आएको सन्दर्भमा ति अवसरको सदुपयोग गरी अधिकतम लाभ लिनको लागि नयाँ पर्यटन विधेयक तर्जुमा गरिएको हो ।

बद्री प्रसाद पाण्डे
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

चैत, २०८१

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

पर्यटकीय गतिविधिको प्रवर्धन, पर्यटन उद्योगको व्यवस्थापन तथा नियमन गर्न, पर्यटकको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न तथा पर्यटन क्षेत्रको दिगो विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य अभिवृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न पर्यटन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१ मा तोकिए वा तोकिए बमोजिम भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ भन्ने व्यवस्था भएकोले सो विधेयकको दफा ४(२), ४(७), ५(३), १०(३), ११(७), १२(४), १३(३), १४(४), १५(५), १६(९), १७(५), १८(४), १९(६), १९(७), १९(८), २०(४), २१(२), २२(१), २३(७), २५(१), ३०(२), ३१(२), ३१(५), ३२(ख), ३३(६), ३५(७), ३६(१०), ४२(३), ४४(३), ४५(२), ४९, ५१(४), ५८(३), ५९(४), ६०(२), ६३(७), ६४(२), ६५(२), ६६, ६८ मा उल्लेख भएका व्यवस्थाहरू नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ । माथि विभिन्न दफाहरूमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग प्रस्तावित ऐनको व्यवस्था नियमावली बनाउनु पर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरू यस प्रकार रहेका छन्।

| क्र. स. | प्रस्तावित विधेयकको दफा / उपदफा | नियम बनाउन सकिने व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ४(२) | उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिए बमोजिमका कागजात संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ। | आवश्यक कागजात सम्बन्धी विषय नियमावलीमा राख्न उपयुक्त हुने । | इजाजतपत्र जारी गर्न सहज हुने। |
| २. | ४(७) | यस दफा बमोजिम होटल वा रिसोर्ट सञ्चालन गर्न इजाजतपत्रको लागि दिने निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात, निवेदन दस्तुर, इजाजतपत्र दस्तुर र निवेदनको ढाँचा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | कागजात, निवेदन दस्तुर, इजाजतपत्र दस्तुर र निवेदनको ढाँचा नियमावलीमा राख्न उपयुक्त हुने । | ढाँचा तोक्दा कार्यमा एकरुपता आउने । |
| ३. | ५(३) | उपदफा (२) बमोजिम नवीकरणको लागि दिने निवेदनको ढाँचा, निवेदन दस्तुर, नवीकरण दस्तुर तथा नवीकरण सम्बन्धी अन्य व्यवस्था | निवेदनको ढाँचा, निवेदन दस्तुर, नवीकरण दस्तुर तथा नवीकरण सम्बन्धी अन्य व्यवस्था | ढाँचा तोक्दा कार्यमा एकरुपता आउने । |

| | | | | |
|---|---|---|---|---|
| | | तोकिए बमोजिम हुनेछ। | नियमावलीबाट व्यवस्थापन गर्न उपयुक्त हुने । | |
| ४. | १०(३) | हिमालचुलीको नामाकरण गर्ने तथा पर्वतारोहणको लागि हिमालचुली खुला गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ। | नामाकरण गर्ने तथा पर्वतारोहणको लागि हिमालचुली खुला गर्ने प्रक्रियालाई नियमावलीमा राख्न उपयुक्त हुने। | नामाकरण गर्ने तथा पर्वतारोहणको लागि हिमालचुली खुला गर्ने प्रक्रियालाई सहज बनाउने। |
| ५. | ११(७) | पर्वतारोहण गर्न पाउने समय, निवेदन दस्तुर, अनुमतिका सर्त, हिमालचुली आरोहणमा उपलब्ध हुनु पर्ने सेवा, गुणस्तर, पर्वतारोहीको उमेर र अनुभव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्वतारोहण गर्न पाउने समय, निवेदन दस्तुर, अनुमतिका सर्त, हिमालचुली आरोहणमा उपलब्ध हुनु पर्ने सेवा, गुणस्तर, पर्वतारोहीको उमेर र अनुभव सम्बन्धी अन्य व्यवस्थालाई नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | पर्वतारोहण सम्बन्धी कार्यलाई व्यवस्थित हुने। |
| ६. | १२(४) | उपदफा (२) बमोजिम दिने निवेदनको ढाँचा, हिमालचुलीबाट साहसिक पर्यटकीय क्रियाकलाप गर्ने पर्वतारोहीको योग्यता, अनुमतिका सर्त, अनुमति शुल्क, सुरक्षाको मापदण्ड तथा अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | निवेदनको ढाँचा, हिमालचुलीबाट साहसिक पर्यटकीय क्रियाकलाप गर्ने पर्वतारोहीको योग्यता, अनुमतिका सर्त, अनुमति शुल्क, सुरक्षाको मापदण्ड तथा अनुमति सम्बन्धी अन्य व्यवस्थालाई नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | पर्वतारोहण सम्बन्धी कार्यलाई थप व्यवस्थित हुने। |
| ७. | १३(३) | पर्वतारोहण योजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्वतारोहण योजना सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | योजना बमोजिम काम हुने हुँदा पर्वतारोहण |

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्य थप व्यवस्थित हुने। |
| ८. | १४(४) | पर्वतारोहण रोयल्टी तथा रोयल्टी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्वतारोहण रोयल्टी तथा रोयल्टी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | पर्वतारोहण वापत प्राप्त हुने रोयल्टी पारदर्शी हुने। |
| ९. | १५(५) | पर्वतारोहण मार्ग र उक्त मार्गमा डोरी टाँग्ने (रोप फिक्सिङ्ग) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्वतारोहण मार्ग र उक्त मार्गमा डोरी टाँग्ने सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | पर्वतारोहण मार्गलाई व्यवस्थित गरी सुरक्षित हुने । |
| १०. | १६(९) | सम्पर्क अधिकृतको योग्यता, काम, कर्तव्य, अधिकार, सुविधा र सम्पर्क अधिकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सम्पर्क अधिकृतको योग्यता, काम, कर्तव्य, अधिकार, सुविधा र सम्पर्क अधिकृत सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | सम्पर्क अधिकृत काम प्रति जिम्मवार हुने। |
| ११. | १७(५) | सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीको योग्यता, स्तर, काम, कर्तव्य र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीको योग्यता, स्तर, काम, कर्तव्य र सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगी काम प्रति थप जिम्मेवार हुने। |
| १२. | १८(४) | बीमा रकम तथा बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | बीमा रकम तथा बीमा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | अनिवार्य रुपमा विमाको व्यवस्था हुने। |
| १३. | १९(६) | पर्वतारोहण दलका सदस्यले पर्वतारोहण गर्दा त्यस क्षेत्रमा फोहोर हुन तथा वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन तोकिए बमोजिमका सर्त पालना गर्नु पर्नेछ। | पर्वतारोहण दलका सदस्यले पर्वतारोहण गर्दा त्यस क्षेत्रमा फोहोर हुन तथा वातावरणमा नकारात्मक प्रभाव पर्न | पर्वतरोहण मार्ग तथा हिमालचुलीमा फोहोर मैलाको व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | | | नदिन तोकिए बमोजिमका सर्त पालना गर्नु पर्ने नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | हुने । |
| १४. | १९(८) | पर्वतारोहणका क्रममा पर्वतारोहण दलले पालना गर्नुपर्ने वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी सर्त, फिर्ता ल्याउनु पर्ने सामानहरू तथा सर्त पालना नगरेमा दिनुपर्ने क्षतिपूर्ति, पर्वतीय सरसफाइ शुल्क र वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्वतारोहण दलले पालना गर्नुपर्ने वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी सर्त, फिर्ता ल्याउनु पर्ने सामानहरू तथा सर्त पालना नगरेमा दिनुपर्ने क्षतिपूर्ति, पर्वतीय सरसफाइ शुल्क र वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पर्वतरोहण मार्ग तथा हिमालचुलीमा फोहोर मैलाको व्यवस्थापन हुने । |
| १५. | २०(४) | उपदफा (१) बमोजिम स्थापना भएको कोषमा प्राप्त हुने रकम, कोषको सञ्चालन र खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | कोषमा प्राप्त हुने रकम, कोषको सञ्चालन र खर्च सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पारदर्शी रुपमा कोष सञ्चालन हुने । |
| १६. | २१(२) | पर्वतारोहण दलको नेता, पर्वतारोहण दलका सदस्य तथा ट्रेकिङ्ग एजेन्सीको दायित्व र जिम्मेवारी तथा पर्वतारोहण दलको टोली नेता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्वतारोहण दलको नेता, पर्वतारोहण दलका सदस्य तथा ट्रेकिङ्ग एजेन्सीको दायित्व र जिम्मेवारी तथा पर्वतारोहण दलको टोली नेता सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पर्वतारोहण दलको नेता तथा सदस्य, ट्रेकिङ्ग एजेन्सी र पर्वतारोहण दलको टोली नेता जिम्मेवार हुने। |
| १७. | २२(१) | पर्वतारोहण सम्पन्न गरी विभागले तोकेको स्थानमा फर्की आएको मितिले तोकिएको अवधिभित्र पर्वतारोहण दलको नेता, सम्पर्क अधिकृत र पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले हिमालचुलीमा पुगेको फोटो र उपलब्ध भएसम्मका अन्य प्रमाण | हिमालचुलीमा पुगेको फोटो र उपलब्ध भएसम्मका अन्य प्रमाण खुलाई तोकिए बमोजिमको ढाँचामा सम्बन्धी व्यवस्था नियमावलीमा राख्न | पर्वतारोहण दलको नेता, सम्पर्क अधिकृत र पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग |

| | | | | |
|---|---|---|---|---|
| | | खुलाई तोकिए बमोजिमको ढाँचामा विभागमा प्रतिवेदन दिनु पर्नेछ। | उपयुक्त हुने। | एजेन्सी जिम्मेवार हुने। |
| १८. | २३(७) | पर्वतारोहणको प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | प्रमाणपत्र सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पर्वतारोहणको प्रमाणपत्र उपलब्ध हुने। |
| १९. | २५(१) | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली पर्वतारोहण दल वा नेपाली र विदेशी पर्वतारोही सम्मिलित संयुक्त पर्वतारोहण दललाई नेपाल सरकारले तोकिए बमोजिम पर्वतारोहण रोयल्टी छुट वा सहुलियत दिन सक्नेछ। | पर्वतारोहण रोयल्टी छुट वा सहुलियत दिन सक्ने व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | नेपाल सरकारले पर्वतारोहण रोयल्टी छुट वा सहुलियत दिन सक्ने। |
| २०. | ३०(२) | उपदफा (१) बमोजिमको कम्पनी संस्थापना गर्दा कायम गर्नुपर्ने चुक्ता पुँजी तोकिए बमोजिम हुनेछ। | कम्पनी संस्थापना गर्दा कायम गर्नुपर्ने चुक्ता पुँजी सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | चुक्ता पुँजी कायम हुने । |
| २१. | ३१(२) | उपदफा (१) बमोजिम पूर्वस्वीकृति लिन चाहने व्यक्तिले चार तारा वा सोभन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न दिएको लिखित सहमति, तोकिए बमोजिमको होटलको विवरण, कागजात र दस्तुर सहित विभागमा निवेदन दिनु पर्नेछ। | पूर्वस्वीकृति लिन चाहने व्यक्तिले चार तारा वा सोभन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न दिएको लिखित सहमति, तोकिए बमोजिमको होटलको विवरण, कागजात र दस्तुर सहित विभागमा निवेदन दिनु पर्नेव्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | क्यासिनो सञ्चालन सम्बन्धी व्यवस्था व्यवस्थित हुने। |
| २२. | ३१(५) | क्यासिनो इजाजत र सञ्चालनको पूर्वस्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | इजाजत र सञ्चालनको पूर्वस्वीकृति सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पूर्व स्वीकृति प्राप्त भएपछि मात्र इजाजत प्राप्त हुने। |
| २३. | ३३(६) | इजाजतपत्र दस्तुर, विवरण तथा | इजाजतपत्र दस्तुर, | क्यासिनो |

| | | | | |
|---|---|---|---|---|
| | | कागजात, पूर्वाधार तथा योग्यता (फिट एण्ड प्रपर टेष्ट) सम्बन्धी सर्त तथा इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | विवरण तथा कागजात, पूर्वाधार तथा योग्यता सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | सञ्चालन थप व्यवस्थित हुने। |
| २४. | ३५(७) | क्यासिनो खेल्ने व्यक्तिको विवरण, कम्पनीको शेयर खरिद, बिक्री, हस्तान्तरण र क्यसिनो व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | क्यासिनो खेल्ने व्यक्तिको विवरण, कम्पनीको शेयर खरिद, बिक्री, हस्तान्तरण र क्यसिनो व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | क्यासिनो खेल्ने व्यक्तिको विवरण, कम्पनीको शेयर खरिद, बिक्री, हस्तान्तरण प्रक्रिया व्यवस्थित हुने। |
| २५. | ३६(१०) | क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण दस्तुर, रोयल्टी रकम, नवीकरणका लागि आवश्यक विवरण तथा कागजात तथा क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण दस्तुर, रोयल्टी रकम, नवीकरणका लागि आवश्यक विवरण तथा कागजात तथा क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण, दस्तुर, रोयल्टी सम्बन्धी व्यवस्था पारदर्शी हुने। |
| २६. | ४२(३) | सामाजिक उत्तरदायित्व सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | सामाजिक उत्तरदायित्व कायम हुने। |
| २७. | ४४(३) | उपदफा (१) बमोजिम साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय व्यवस्थित हुने। |

| | | | | |
|---|---|---|---|---|
| २८. | ४५(२) | जल पर्यटन व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ। | जल पर्यटन व्यवसाय सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | जल पर्यटन व्यवसाय सम्बन्धी मापदण्ड तोकिने। |
| २९. | ४९ | नेपाल सरकारले आन्तरिक तथा बाह्य पर्यटनको विकास तथा प्रवर्धनात्मक कार्यको लागि तोकिए बमोजिमको समिति वा एकाइ गठन गर्न सक्नेछ। | आन्तरिक तथा बाह्य पर्यटनको विकास तथा प्रवर्धनात्मक कार्यको लागि तोकिए बमोजिमको समिति वा एकाइ गठन गर्न सक्ने व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | आन्तरिक तथा बाह्य पर्यटनको विकास तथा प्रवर्धनात्मक कार्यको लागि समिति गठन हुने। |
| ३०. | ५१(४) | क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त कम्पनीले यस ऐन बमोजिमको जरिबाना वा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना बापतको रकम तोकिएको अवधिभित्र नबुझाएमा त्यस्तो रकम दफा ३४ बमोजिम पेस गरेको जमानतबाट असुल गरिनेछ। त्यसरी रकम असुल गर्दा समेत कुनै रकम बाँकी हुन आएमा बाँकी रकम इजाजतपत्र प्राप्त कम्पनीको सञ्चालकबाट सरकारी बाँकी सरह असुल गरिनेछ। | क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त कम्पनीले यस ऐन बमोजिमको जरिबाना वा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना वुझाउनु पर्ने अवधी सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | जरिबाना वा कर, दस्तुर, शुल्क, रोयल्टी प्राप्त हुने। |
| ३१. | ५८(३) | आन्तरिक पर्यटन प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | आन्तरिक पर्यटन प्रवर्धन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | आन्तरिक पर्यटन प्रवर्धन हुने। |
| ३२. | ५९(४) | पर्यटक प्रहरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्यटक प्रहरी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पर्यटक प्रहरीलाई जिम्मेवार बनाइने। |
| ३३. | ६०(२) | एकीकृत पर्यटकीय उपजको विकास | व्यवस्था नियमावलीमा | एकीकृत |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | राख्न उपयुक्त हुने। | पर्यटकीय उपजको विकास हुने। |
| ३४. | ६३(७) | पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | व्यवस्थित रुपमा पर्यटकको खोज, उद्धार तथा उपचार हुने। |
| ३५. | ६४(२) | सेवा सुविधाको गुणस्तरको मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सेवा सुविधाको गुणस्तरको मापदण्ड सम्बन्धी अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | सेवा सुविधाको गुणस्तर तथा पर्यटकको सुरक्षा कायम हुने। |
| ३६. | ६५(२) | उपदफा (१) बमोजिमको एकीकृत सेवा दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | एकीकृत सेवा दिने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पर्यटकलाई एकिकृत सेवा उपलब्ध हुने। |
| ३७. | ६६ | मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय तथा निजी क्षेत्रसँग सहकार्य गरी पर्यटन उद्योगमा आवश्यक पर्ने माउण्टेन गाइड, ट्रेकिङ्ग गाइड, टुर तथा ट्राभल गाइड, रिभर गाइड, कुक, क्रुपियर, स्टेवार्ड वा तोकिए बमोजिमका अन्य जनशक्तिको उत्पादन तथा परिचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ। | माउण्टेन गाइड, ट्रेकिङ्ग गाइड, टुर तथा ट्राभल गाइड, रिभर गाइड, कुक, क्रुपियर, स्टेवार्ड वा तोकिए बमोजिमका अन्य जनशक्तिको उत्पादन तथा परिचालन गर्ने व्यवस्था मिलाउन सक्ने व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पर्यटन उद्योगमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन हुने। |
| ३८. | ६८ | यो ऐन बमोजिम विभागबाट इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले तोकिएको अवधिभित्र तोकिए बमोजिमको प्रतिवेदन र विवरण विभागमा पेस गर्नु पर्नेछ। | इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले तोकिएको अवधिभित्र तोकिए बमोजिमको प्रतिवेदन र विवरण विभागमा पेस गर्नु पर्ने व्यववस्था नियमावलीमा राख्न | व्यक्ति, फर्म वा कम्पनीलाई जिम्मेवार वनाइने। |

| | | | | |
|---|---|---|---|---|
| | | | उपयुक्त हुने। | |

**पर्यटन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी**

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम र सो को प्रारम्भ सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको। |
| २ | परिभाषा | विधेयकमा पटक पटक दोहोरिएका तथा स्पष्ट रुपमा परिभाषा गर्न उपयुक्त देखिएका शब्द तथा शब्दावलीहरूको परिभाषा गरिएको। |
| ३ | होटल तथा रिसोर्टको स्तर निर्धारण, वर्गीकरण र सञ्चालन मापदण्ड | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी होटल तथा रिसोर्टको स्तर निर्धारण, वर्गीकरण र सञ्चालन सम्बन्धी मापदण्ड तोक्ने। स्तर निर्धारण, वर्गीकरण र सञ्चालन सम्बन्धी मापदण्ड सम्बन्धित सबैले पालना गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ४ | होटल तथा रिसोर्टले इजाजतपत्र लिनु पर्ने | कसैले चारतारा वा सो भन्दा माथिल्लो स्तरको होटल वा रिसोर्ट सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्ने, इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिए बमोजिमका कागजात संलग्न गरी विभागमा निवेदन दिनु पर्ने, उक्त बमोजिम परेको निवेदनको सम्बन्धमा जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दा मापदण्ड पूरा गरेको देखिएमा दस्तुर लिई विभागले होटल वा रिसोर्ट सञ्चालनको इजाजतपत्र जारी गर्न सक्ने, यस्तो इजाजतपत्रको अवधि पाँच वर्षको हुने, अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका चार तारा वा सो भन्दा माथिल्लो स्तरका होटल वा रिसोर्टले यो ऐन जारी भएको मितिले दुई बर्षभित्र इजाजतपत्र लिनु पर्ने, तीन तारा वा सो भन्दा तल्लो स्तरका होटल र रिसोर्ट, अन्य होटल, लज, रेष्टुराँ, पार्टी प्यालेस, डान्सबार, क्लब, दोहोरी साँझ, गजल रेष्टुराँ, बार (पब) र स्पाको इजाजतपत्र, त्यस्तो इजाजतपत्रको नवीकरण, निलम्बन तथा खारेजी सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुने, होटल वा रिसोर्ट सञ्चालन गर्न इजाजतपत्रको लागि दिने निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात, निवेदन दस्तुर, इजाजतपत्र दस्तुर र निवेदनको ढाँचा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| ५ | इजाजतपत्रको नवीकरण | अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा साठी दिन अघि नवीकरणको लागि विभागमा निवेदन दिनु पर्ने, यस्तो निवेदनमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन, कम्पनीको सञ्चालक र शेयरधनीको अद्यावधिक विवरण तथा शेयर लगत, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, इजाजतपत्रको प्रतिलिपि, नवीकरण दस्तुर तिरेको भरपाइ, विभागले |

| | | |
|---|---|---|
| | | तोकेका अन्य कागजातहरू समावेश गर्नुपर्ने, नवीकरणको लागि दिने निवेदनको ढाँचा, निवेदन दस्तुर, नवीकरण दस्तुर तथा नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ६ | सेवा र गुणस्तरको अनुगमन | विभागबाट इजाजतपत्र प्राप्त होटल तथा रिसोर्टले मापदण्ड अनुसारको सेवा र गुणस्तर कायम गरेको वा नगरेको वा अनुमतिपत्रमा तोकिएका सर्त पूरा गरे नगरेको सम्बन्धमा विभागले समय समयमा अनुगमन गर्ने, अनुगमन गर्दा मापदण्ड बमोजिमको सेवा र गुणस्तर कायम गरेको नदेखिएमा विभागले बढीमा साठी दिनको अवधि तोकी त्यस्तो मापदण्ड बमोजिमको सेवा र गुणस्तर कायम गर्न सम्बन्धित होटल वा रिसोर्टलाई निर्देशन दिने, तोकिएको समयावधिभित्र तोकेको सेवा र मापदण्ड पूरा गरेको नदेखिएमा विभागले स्तर निर्धारण समितिको सिफारिसमा त्यस्तो होटल वा रिसोर्टको बढीमा एक बर्षसम्म दर्ता निलम्बन गर्न वा तल्लो स्तरमा पुनः स्तर निर्धारण तथा वर्गीकरण गर्न सक्ने, दर्ता निलम्बन भएको वा तल्लो स्तरमा स्तर निर्धारण तथा वर्गीकरण भएको होटल वा रिसोर्टले बढीमा एक बर्षभित्र साविकको स्तर वा मापदण्ड पूरा गरेमा विभागले त्यस्तो निलम्बन फुकुवा गर्ने वा साविककै स्तरमा स्तर निर्धारण तथा वर्गीकरण गर्ने, तर निलम्बन भएको अवधिसम्म पनि साविकमा तोकिएको स्तर वा मापदण्ड कायम गर्न नसक्ने र चार तारा भन्दा माथिल्लो स्तर वा मापदण्ड कायम गरी सञ्चालन गर्न नचाहने होटल वा रिसोर्ट तल्लो स्तरमा निर्धारण तथा वर्गीकरण गर्न र चार तारा स्तरको होटल वा रिसोर्ट रहेछ भने सो स्तरको होटल वा रिसोर्टको इजाजतपत्र विभागले खारेज गर्न सक्ने, विभागबाट इजाजतपत्र प्राप्त होटल तथा रिसोर्टले उपलब्ध गराउने खाद्य पदार्थको गुणस्तर परीक्षण गर्ने निकायबाट कम्तीमा तीन महिनामा एक पटक जाँच गराई सोको अभिलेख राखी विभागलाई जानकारी दिनु पर्ने व्यवस्था गरिएको छ। |
| ७ | पुन: स्तर निर्धारण तथा वर्गीकरण गर्न सक्ने | पुन: स्तर निर्धारण तथा वर्गीकरणको सिफारिस गर्नका लागि विभागको होटल शाखा प्रमुखको संयोकत्वमा विभागका कानून अधिकृत सदस्य र विभागको होटल शाखाका शाखा अधिकृत सदस्य सचिव रहने एक स्तर निर्धारण समिति गठन गर्ने, उक्त समितिको बैठकमा विभागले आवश्यकता अनुसार दुई जना सम्म विज्ञ आमन्त्रित गर्न सक्ने, उक्त समितिले स्थलगत निरीक्षण, अन्य कागजात अध्ययन तथा मूल्याङ्कन गर्दा त्यस्ता होटल तथा रिसोर्टको दर्ता निलम्बन गर्न वा पुनः स्तर निर्धारण वा वर्गीकरण गर्न आवश्यक देखेमा विभाग समक्ष सोही बमोजिमको सिफारिस गर्ने व्यवस्था गरिएको छ। |
| ८ | मूल्यसूची प्रकाशन गर्नु पर्ने | इजाजतपत्र प्राप्त गरी सञ्चालित होटल वा रिसोर्ट सञ्चालकले ग्राहकलाई दिने सेवा सुविधाको स्तर, सोको दर वा मूल्यसूची ग्राहकले देख्न र पढ्न सक्ने गरी नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशन गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ९ | होटल वा | कुनै होटल वा रिसोर्टले वर्गीकरण भएको स्तरभन्दा माथिल्लो स्तरको भन्ने |

| | | |
|---|---|---|
| | रिसोर्टले पालन गर्नुपर्ने सर्तहरू | अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्ने वा गराउने, आफ्नो परिसरमा प्रयोग गर्नुपर्ने वाकीटकी तथा अन्य रेडियो यन्त्रको प्रयोग प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट स्वीकृति नलिई प्रयोग गर्ने वा गराउने, सम्बन्धित निकायको स्वीकृति नलिई विदेशी मुद्राको कारोबार गर्ने वा गराउने, प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति नलिई विदेशी नागरिकलाई रोजगारमा लगाउने, पर्यटकलाई सेवा सुविधा दिने सवारी साधनलाई पर्यटकीय नम्वर प्लेट कायम नगरी सेवा सञ्चालन गर्ने, प्रचलित कानून बमोजिम तोकिएको वातावरणीय अध्ययन नगराई होटल वा रिसोर्ट निर्माण गर्ने कार्य गर्न वा गराउन नहुने व्यवस्था गरिएको छ। |
| १० | हिमालचुलीको नामाकरण तथा आरोहण खुला गर्ने | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हिमालचुलीको नामाकरण गरी पर्वतारोहणको लागि खुला गर्ने, पर्वतारोहणको लागि खुला गरिएको हिमालचुली कुनै उपयुक्त कारण जनाई निश्चित अवधिको लागि मन्त्रालयले सूचना प्रकाशन गरी बन्द गर्न सक्ने, हिमालचुलीको नामाकरण गर्ने तथा पर्वतारोहणको लागि हिमालचुली खुला गर्ने प्रक्रिया तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ११ | पर्वतारोहण गर्न अनुमति लिनु पर्ने | पर्वतारोहण गर्न चाहने पर्वतारोहण दलले तोकिए बमोजिमको हिमालचुलीको उचाईका आधारमा विभागबाट अनुमति लिनु पर्ने वा नपर्ने, अनुमति लिन पर्वतारोहण योजना र निवेदन दस्तुर तथा कागजात संलग्न गरी विभागमा निवेदन दिनु पर्ने, निवेदन दिँदा पर्वतारोहण दलको सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथप्रदर्शक र अन्य पर्वतारोहण सहयोगीको लागि एक महिनाभित्र गरेको स्वास्थ्य परीक्षण प्रमाणपत्र पेस गर्नु पर्ने, प्राप्त निवेदन तथा संलग्न कागजातका आधारमा उपयुक्त देखिएमा विभागले पर्वतारोहण मार्ग र सर्तहरू तोकी पर्वतारोहण अनुमति दिन सक्ने। स्वास्थ्य स्थिति सन्तोषजनक नदेखिएको व्यक्तिलाई पर्वतारोहण गर्ने वा पर्वतारोहण दलसँग जाने अनुमति नदिने, नेपालको कम्तीमा सात हजार मिटरभन्दा अग्लो कुनै एउटा हिमालचुली आरोहण गरेको अभिलेख पेस गरेपछि मात्र सगरमाथा आरोहणको अनुमतिपत्र जारी गरिने, पर्वतारोहण गर्न पाउने समय, निवेदन दस्तुर, अनुमतिका सर्त, हिमालचुली आरोहणमा उपलब्ध हुनु पर्ने सेवा, गुणस्तर, पर्वतारोहीको उमेर र अनुभव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १२ | हिमालचुलीबाट साहसिक पर्यटकीय क्रियाकलाप गर्न अनुमति | पर्वतारोहणको क्रममा हिमालचुलीबाट प्याराग्लाइडिङ्ग, स्काई डाइभिङ्ग, हेली स्किइङ्ग, अल्ट्रालाइट वा यस्तै प्रकृतिका अन्य साहसिक पर्यटकीय क्रियाकलाप गर्न चाहने पर्वतारोहीले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनु पर्ने, अनुमति लिन चाहने पर्वतारोहीले मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय समक्ष निवेदन दिनु पर्ने, पर्वतारोहणको अनुमति |

| | | |
|---|---|---|
| | लिनु पर्ने | प्राप्त नगर्ने व्यक्तिलाई यस दफा बमोजिमको अनुमति दिइने छैन, निवेदनको ढाँचा, हिमालचुलीबाट साहसिक पर्यटकीय क्रियाकलाप गर्ने पर्वतारोहीको योग्यता, अनुमतिका सर्त, अनुमति शुल्क, सुरक्षाको मापदण्ड तथा अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १३ | पर्वतारोहण योजना | पर्वतारोहण दलले पर्वतारोहण गर्ने अनुमति प्राप्त गर्नको लागि पर्वतारोहण योजना तयार गर्नु पर्ने, पर्वतारोहण दल वा त्यस्तो दलको कुनै सदस्यले पर्वतारोहणको क्रममा कुनै कीर्तिमान राख्न चाहेमा पर्वतारोहण योजनामा त्यस्तो कीर्तिमान राख्ने विषय समेत समावेश गर्नु पर्ने, पर्वतारोहण योजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १४ | पर्वतारोहण रोयल्टी बुझाउनु पर्ने | पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोहण दलका सदस्य नेपाली भए नेपाली मुद्रामा बुजाउन पाउने र विदेशी भए पर्वतारोहण रोयल्टी परिवर्त्य विदेशी मुद्रामा विभागमा बुझाउनु पर्ने, पर्वतारोहण रोयल्टी अर्को पर्वतारोहीको लागि हस्तान्तरण गर्न नसकिने, पर्वतारोहण अभियान परित्याग गरेमा वा अनुमति खारेज भएमा बुझाएको पर्वतारोहण रोयल्टी रकम फिर्ता नहुने, तर यस दफामा उल्लिखित परिस्थितिमा विभागले रोयल्टी रकम मिलान गर्न सक्ने, पर्वतारोहण रोयल्टी तथा रोयल्टी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १५ | पर्वतारोहण मार्ग | पर्वतारोहण दलले पर्वतारोहण गर्दा विभागबाट प्राप्त अनुमतिपत्रमा निर्धारण गरिएको मार्गको प्रयोग गर्नु पर्ने, कुनै कारणले मार्गको प्रयोग नगरी अन्य मार्गको प्रयोग गर्नु परेमा मार्ग स्वीकृतिको लागि विभागमा निवेदन दिनु पर्ने, उपयुक्त आधार र कारण देखिएमा विभागले पर्वतारोहण दलले माग गरे बमोजिमको पर्वतारोहण मार्ग प्रयोग गर्न स्वीकृति दिन सक्ने, तर आकस्मिक कारण परी स्वीकृति लिन सम्भव नभएमा सम्पर्क अधिकृतसँग समन्वय गरी पर्वतारोहण मार्ग परिवर्तन गर्न सक्ने, पर्वतारोहण मार्ग परिवर्तन गर्नु परेको कारण सहितको जानकारी सम्पर्क अधिकृत मार्फत विभागलाई यथाशीघ्र दिनु पर्ने, विभागले पर्वतारोहण दलको सहजताको लागि पर्वतारोहण मार्गमा डोरी टाँग्ने (रोप फिक्सिङ्ग) व्यवस्था मिलाउने, पर्वतारोहण मार्ग र उक्त मार्गमा डोरी टाँग्ने (रोप फिक्सिङ्ग) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १६ | सम्पर्क अधिकृत | पर्वतारोहणको क्रममा आवश्यक समन्वय र सहजीकरण गर्न विभागले सम्पर्क अधिकृत खटाउने, सम्पर्क अधिकृत खटाउँदा विभागले तोके बमोजिमको सङ्ख्याभन्दा बढी पर्वतारोही समावेश भएको पर्वतारोहण दलको लागि विभागले एकभन्दा बढी सम्पर्क अधिकृत खटाउन सक्ने, पर्वतारोहणको क्रममा स्किइङ्ग वा अन्य कुनै कार्य गर्न कुनै पर्वतारोहण दलको सदस्यले प्रचलित कानून बमोजिम अनुमति लिएको भएमा विभागले त्यस्तो दलको लागि यस दफा बमोजिम खटाइएको सम्पर्क अधिकृतलाई थप जिम्मेवारी |

| | | |
|---|---|---|
| | | तोकी पठाउन सक्ने, सम्पर्क अधिकृतले पर्वतारोहण दलको दैनिक गतिविधिको सूचना राखी सोको जानकारी विभागमा दिनु पर्ने, मन्त्रालयले सम्पर्क अधिकृत लैजानु नपर्ने गरी तोकेको हिमालचुली आरोहण गर्दा सम्पर्क अधिकृत आवश्यक नपर्ने, सम्पर्क अधिकृतलाई सम्बन्धित पर्वतारोहण दलले पर्वतारोहण अभियान अवधि भरको सुविधा दिनु पर्ने, आधार शिविरसम्म नपुगेमा वा पर्वतारोहणमा आवश्यक समन्वय र सहजीकरण नगरेमा सम्पर्क अधिकृतलाई विभागीय कारबाही गर्न विभागले सम्बन्धित निकायमा सिफारिस गर्ने तर काबु बाहिरको परिस्थितिमा सम्पर्क अधिकृत उपर कुनै कारबाही नगरिने, सम्पर्क अधिकृतको योग्यता, काम, कर्तव्य, अधिकार, सुविधा र सम्पर्क अधिकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १७ | सरदार, पर्वतारोहण पथप्रदर्शक तथा पर्वतारोहण सहयोगी | पर्वतारोहण दलले स्वीकृत भए बमोजिमका सङ्ख्याका व्यक्तिलाई सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीको रुपमा लैजानु पर्ने, काबु बाहिरको परिस्थिति परी पर्वतारोहण सहयोगी थप गर्न आवश्यक भएमा सम्पर्क अधिकृत मार्फत विभागलाई जानकारी गराई अन्य व्यक्तिलाई साथमा लैजान सक्ने, त्यस्तो अवस्थामा पर्वतारोहणको अवधि भरको सुविधा सम्बन्धित पर्वतारोहण दलले दिनु पर्ने, सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगी नेपाली नागरिक हुनु पर्ने, सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीको योग्यता, स्तर, काम, कर्तव्य र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १८ | बिमा गराउनु पर्ने | पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण सम्बन्धी कार्य शुरु हुनुअघि पर्वतारोहण दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथ प्रदर्शक र पर्वतारोहण सहयोगीको लागि व्यक्तिगत दुर्घटना बिमा, स्वास्थ्य उपचार बिमा, खोज तथा उद्धार सम्बन्धी बिमा र मृत शरीर व्यवस्थापनको बिमा गराउनु पर्ने, एक सिजनमा एकभन्दा बढी हिमालचुली आरोहण गर्नेको हकमा तीन महिनासम्मको अवधिको लागि एकमुस्ट बिमा गराउनु पर्ने, बिमा गर्न नपाउँदै काममा लगाइएकोमा त्यस्तो व्यक्ति बेपत्ता भएमा, दुर्घटनामा परेमा वा मृत्यु भएमा पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले व्यक्तिगत दुर्घटना बिमा गराउँदा सो बापत पाउने बराबरको रकम र मृत शरीर व्यवस्थापन गर्न लाग्ने खर्च बराबरको रकम, बेपत्ता भएकोमा खोजी गर्न लाग्ने खर्च बराबरको रकम, दुर्घटनामा परेकोमा उद्धार तथा उपचार गर्न लाग्ने रकम क्षतिपूर्ति बापत दिनु पर्ने, बीमा रकम तथा बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १९ | वातावरण संरक्षण तथा सरसफाइ | पर्वतारोहणको क्रममा उत्पन्न हुने फोहरमैला व्यवस्थापनको लागि विभागले पर्वतारोहण दलबाट पर्वतीय सरसफाइ शुल्क लिने, पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहणको लागि लगेका मालसामान वा वस्तु विभागले तोकेको स्थानमा फिर्ता ल्याउनु पर्ने, पर्वतारोहण गर्ने ऋतु वा समय |

| | | |
|---|---|---|
| | | समाप्त भएपछि विभागले पर्वतारोहणको क्रममा उत्पन्न फोहोरमैला सङ्कलन तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने, पर्वतीय पर्यावरण संरक्षणको लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा गैरसरकारी संस्थाको सहयोग लिन सकिने, पर्वतारोहण गर्दा त्यस क्षेत्रमा फोहोर हुन तथा वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन सर्त पालना गर्नु पर्ने, तोकिएका सर्त पालना नगरेबाट कसैको जिउ–ज्यानमा वा कुनै सरकारी, सार्वजनिक वा व्यक्तिगत सम्पत्तिमा हानि नोक्सानी हुन गएमा सम्बन्धित पर्वतारोहीले क्षतिपूर्ति दिनु पर्ने, पर्वतारोहणका क्रममा पर्वतारोहण दलले पालना गर्नुपर्ने वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी सर्त, फिर्ता ल्याउनु पर्ने सामानहरू तथा सर्त पालना नगरेमा दिनुपर्ने क्षतिपूर्ति, पर्वतीय सरसफाइ शुल्क र वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| २० | वातावरण संरक्षण तथा पर्वतारोही कल्याणकारी कोष | नेपाल सरकारले पर्वतारोहणमा संलग्न पर्वतारोही तथा पर्वतारोहण सहयोगीको सामाजिक सुरक्षा तथा वातावरण संरक्षणको लागि एक वातावरण संरक्षण तथा पर्वतारोही कल्याणकारी कोष स्थापना गर्ने, उक्त कोषमा पर्वतारोही, पर्वतारोहण दल, अन्य व्यक्ति वा संस्थाले रकम जम्मा गर्न सक्ने, पर्वतारोहण अनुमतिपत्र जारी गर्दाका बखत लिएको पर्वतीय सरसफाइ शुल्क विभागले कोषमा दाखिला गर्ने, उक्त कोषमा प्राप्त हुने रकम, कोषको सञ्चालन र खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २१ | पर्वतारोहण दलको नेता, पर्वतारोही तथा ट्रेकिङ्ग एजेन्सीको दायित्व र जिम्मेवारी | पर्वतारोहण अनुमतिपत्र दिँदा विभागले तोकेका सर्त पालना गराउने मुख्य दायित्व र जिम्मेवारी पर्वतारोहण दलको नेताको हुने, पर्वतारोहण दलको नेता, पर्वतारोहण दलका सदस्य तथा ट्रेकिङ्ग एजेन्सीको दायित्व र जिम्मेवारी तथा पर्वतारोहण दलको टोली नेता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २२ | प्रतिवेदन बुझाउनु पर्ने | पर्वतारोहण सम्पन्न गरी फर्की आए पछि हिमालचुलीमा पुगेको प्रमाण खुलाई विभागमा प्रतिवेदन दिनु पर्ने, प्रतिवेदन बुझाउने प्रयोजनको लागि पर्वतारोहण दलको नेताले पर्वतारोहण दलको कुनै सदस्यलाई पर्वतारोहण दलको नेताको काम गर्ने गरी अधिकार सुम्पन सक्ने व्यवस्था गरिएको छ। |
| २३ | पर्वतारोहणको प्रमाणपत्र | पर्वतारोहण सम्पन्न गर्ने पर्वतारोहण दल र पर्वतारोहण दलको सदस्यले प्रमाणपत्रको लागि आवेदन दिएमा विभागले प्रमाणपत्र दिनु पर्ने, समयावधिभित्र प्रमाणपत्रको लागि आवेदन नगर्ने पर्वतारोहीलाई सो समय पश्चात् प्रमाणपत्र उपलब्ध नगराइने, पर्वतारोहण योजनामा समावेश भए बमोजिमको कीर्तिमान राखेको भएमा विभागले सो व्यहोरा प्रमाणपत्रमा उल्लेख गर्नुपर्ने, विभागले उपलब्ध प्रमाणको आधारमा पर्वतारोहण गरेको पुष्टि |

| | | |
|---|---|---|
| | | गर्नु पर्ने, पर्वतारोहण दलको साथमा जाने सरदार, पर्वतारोहण पथप्रदर्शक वा पर्वतारोहण सहयोगीले समेत हिमालचुली आरोहण गरेको पुष्टि भएमा निजको पर्वतारोहण भूमिका खुलाई विभागले प्रमाणपत्र दिन सक्ने, कुनै पर्वतारोहण दलको सदस्यले क्षतिपूर्ति तिर्नु पर्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति तिरे वा बुझाएपछि तथा रकम असुल गर्नु पर्ने भएकोमा त्यस्तो रकम असुल भएपछि मात्र पर्वतारोहणको प्रमाणपत्र दिइने, पर्वतारोहणको प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २४ | जानकारी गराउने | पर्वतारोहणको सिलसिलामा दुर्घटनामा परेमा, बेपत्ता भएमा वा मृत्यु भएमा सो सम्बन्धी विवरण सहितको प्रतिवेदन सम्पर्क अधिकृत, पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सी, पर्वतारोहण दलको नेता वा कुनै सदस्यले विभागमा पेस गर्नु पर्ने, उक्त प्रतिवेदनको आधारमा कुनै व्यक्तिको मृत्यु भएको, बेपत्ता भएको वा दुर्घटनामा परेको जानकारी विभागले सम्बन्धित व्यक्तिको हकवाला र सम्बन्धित निकायलाई दिनु पर्ने व्यवस्था गरिएको छ। |
| २५ | छुट वा सहुलियत दिन सकिने | नेपाली पर्वतारोहण दल वा नेपाली र विदेशी पर्वतारोही सम्मिलित संयुक्त पर्वतारोहण दललाई नेपाल सरकारले पर्वतारोहण रोयल्टी छुट वा सहुलियत दिन सक्ने, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै हिमालचुली आरोहणको लागि अवधि तोकी पर्वतारोहण रोयल्टी छुट दिन सक्ने व्यवस्था गरिएको छ। |
| २६ | पर्वतारोहणको परित्याग | पर्वतारोहण दलले आफ्नो पर्वतारोहण अभियान जुनसुकै बखत परित्याग गर्न सक्ने, त्यसरी पर्वतारोहण परित्याग गरेको जानकारी सम्पर्क अधिकृत मार्फत विभागमा दिनु पर्ने व्यवस्था गरिएको छ। |
| २७ | अनुमतिपत्र खारेज गर्न वा प्रतिबन्ध लगाउने सकिने | पर्वतारोहण दलको नेता, कुनै सदस्य वा पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले कुनै सर्तको उल्लङ्घन गरेमा विभागले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र जुनसुकै बखत खारेज गरी तीन वर्षसम्म पर्वतारोहणमा प्रतिबन्ध लगाउन सक्ने, विशेष कारण परी यस ऐन बमोजिम प्रदान गरिएको पर्वतारोहणको अनुमतिपत्र खारेज गर्नु परेमा विभागले सम्बन्धित ट्रेकिङ्ग एजेन्सीलाई सुनुवाइको मौका दिनु पर्नें व्यवस्था गरिएको छ। |
| २८ | कानूनी प्रतिनिधि हुने | पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सी सम्बन्धित पर्वतारोहण दलको कानूनी प्रतिनिधि हुने व्यवस्था गरिएको छ। |
| २९ | इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन नहुने | कसैले पनि इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन नहुने व्यवस्था गरिएको छ । |

| | | |
|---|---|---|
| ३० | कम्पनी संस्थापना गर्नु पर्ने | क्यासिनो सञ्चालन गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गर्नु पर्ने, कम्पनी संस्थापना गर्दा कायम गर्नुपर्ने चुक्ता पुँजी तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ३१ | पूर्वस्वीकृति लिनु पर्ने | कम्पनी संस्थापना गर्नुअघि विभागबाट पूर्वस्वीकृति लिनु पर्ने, पूर्वस्वीकृति लिन चाहने व्यक्तिले चार तारा वा सोभन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न दिएको लिखित सहमति, तोकिए बमोजिमको होटलको विवरण, कागजात र दस्तुर सहित विभागमा निवेदन दिनु पर्ने, चार तारा वा सोभन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न सहमति दिँदा त्यस्तो क्यासिनोमा उक्त होटल वा रिसोर्टको कम्तिमा दश प्रतिशत शेयर स्वामित्व हुनुपर्ने, प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकले आवश्यक विवरण तथा कागजात पेस गरेको पाइएमा विभागले क्यासिनो सञ्चालनको लागि तयार गर्नु पर्ने पूर्वाधार तथा सर्त तोकी निवेदकलाई कम्पनी संस्थापनाको पूर्वस्वीकृति दिन सक्ने, क्यासिनो इजाजत र सञ्चालनको पूर्वस्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ३२ | पूर्वस्वीकृति नदिइने | विभागले क्यासिनो सञ्चालन गर्ने कम्पनी संस्थापना गर्नको लागि क्यासिनोको नाम पहिले नै संस्थापना भएको वा इजाजतपत्र प्राप्त क्यासिनोसँग मिल्ने भएमा, चुक्ता पुँजी नभएमा, संवेदनशील मानिएको क्षेत्रमा क्यासिनो सञ्चालन गर्न प्रस्ताव गरेमा, अन्तर्राष्ट्रिय सीमा क्षेत्रबाट पाँच किलोमिटरको दुरी भित्रप्रस्ताव गरेमा पूर्वस्वीकृति नदिने व्यवस्था गरिएको । तर यस अघि नै पूर्वस्वीकृति लिएका वा सञ्चालनमा रहेका क्यासिनोको हकमा यो व्यवस्था लागु नहुने व्यववस्था गरिएको ।<br>सञ्चालकको सम्बन्धमा कालोसूचीमा परेको अवधिमा, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै निकायलाई कुनै कर, शुल्क, रकम वा अदालतको आदेश बमोजिम तिर्नुपर्ने जरिबाना वा क्षतिपूर्ति तिर्न बुझाउन बाँकी भएमा, दामासाहीमा परेको हैसियत अन्त्य नभएको अवस्था रहेमा र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा वा कुनै नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट भएको सजाय भुक्तान गरेको पाँच वर्ष ननाघेको अवस्था विद्यमान भएमा पूर्वस्वीकृति नदिने व्यवस्था गरिएको छ। |
| ३३ | क्यासिनो सञ्चालनको इजाजतपत्र | पूर्वस्वीकृति प्राप्त गरेको मितिले एक वर्षभित्र क्यासिनो सञ्चालनको लागि पूर्वाधार तथा योग्यता सम्बन्धी सर्त पूरा गरी क्यासिनो सञ्चालनको इजाजतपत्रको लागि विभागमा निवेदन दिनु पर्ने, प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदन साथ संलग्न गर्नु पर्ने विवरण तथा कागजात संलग्न गरेको र पूर्वाधार तथा योग्यता (फिट एण्ड प्रपर टेष्ट) सम्बन्धी सर्त पूरा गरेको पाइएमा विभागले इजाजतपत्र दस्तुर लिई निवेदक कम्पनीलाई आवश्यक सर्त तोकी क्यासिनो सञ्चालन इजाजतपत्र दिन सक्ने, त्यस्तो इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गराउनु पर्ने, इजाजतपत्र दिँदा एक कम्पनीलाई |

| | | |
|---|---|---|
| | | एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न इजाजतपत्र दिइने छैन, यो ऐन प्रारम्भ हुँदाका बखत कुनै कम्पनीले एउटा इजाजतपत्रबाट एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको रहेछ भने संवत् २०८२ साल असार मसान्त भित्र सो कम्पनीले रोजेको कुनै एक क्यासिनो मात्र सञ्चालन गर्न सक्ने, क्यासिनो सञ्चालन गर्न वा इजाजतपत्र लिनको लागि त्यस्ता क्यासिनोले नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण कर,रोयल्टी, शुल्क र थप शुल्क तथा बुझाउन बाँकी बक्यौता बुझाउनु पर्ने, इजाजतपत्र दस्तुर, विवरण तथा कागजात, पूर्वाधार तथा योग्यता (फिट एण्ड प्रपर टेष्ट) सम्बन्धी सर्त तथा इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| ३४ | बैंक जमानत पेस गर्ने | क्यासिनो सञ्चालनको इजाजतपत्र दिने निर्णय गर्नु अघि विभागले अवधि तोकी सम्बन्धित कम्पनीलाई रोयल्टी, नवीकरण दस्तुर बापतको रकम वा सो बराबरको बैङ्क जमानत पेस गर्न लगाउनु पर्ने, उक्त अवधिभित्र जमानत बापतको रकम वा बैङ्क ग्यारेण्टी पेस नगर्ने कम्पनीलाई इजाजतपत्र नदिने व्यवस्था गरिएको छ। |
| ३५ | क्यासिनो व्यवस्थापन तथा सञ्चालन | क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले आफूले प्राप्त गरेको क्यासिनो सञ्चालनको इजाजतपत्र अरू कसैलाई कुनै किसिमले प्रयोग गर्न दिनु हुँदैन र कसैले पनि अरू कसैको क्यासिनो सञ्चालनको इजाजतपत्र लिई क्यासिनो सञ्चालन गर्नु हुँदैन, क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा क्यासिनो खेल्ने व्यक्तिको विवरण अद्यावधिक गरी राख्नु पर्ने, क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गर्ने र त्यस्तो कम्पनीमा नियन्त्रण गर्ने हैसियत भएको कुनै व्यक्ति, कम्पनी वा संस्थाले क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीको कुल चुक्ता पुँजीको दश प्रतिशत वा सोभन्दा बढी शेयर वा स्वामित्व खरिद, बिक्री वा कुनै तरिकाले हस्तान्तरण गर्नुअघि विभागबाट स्वीकृति लिनु पर्ने, यो ऐन प्रारम्भ हुनुअघि क्यासिनो सञ्चालन गर्न क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले यस परिच्छेद बमोजिम कायम गर्नु पर्ने पूर्वाधार तथा सुरक्षा मापदण्ड पूरा नगरेको भएमा यो ऐन प्रारम्भ भएको दुई वर्षभित्र त्यस्तो पूर्वाधार तथा मापदण्ड पूरा गरिसक्नु पर्ने, क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिले ग्राहकबाट कर बापत कट्टा गरेको रकम सोही दिन वा सोही दिन नभ्याइएमा सोको भोलिपल्ट राजस्व खातामा जम्मा गर्नु पर्ने, कसैले क्यासिनो सञ्चालनको इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गरेमा विभागले त्यस्तो क्यासिनो तुरुन्त बन्द गराउने आदेश दिई अन्य कानूनी कारवाही अगाडि बढाउनु पर्ने, क्यासिनो खेल्ने व्यक्तिको विवरण, कम्पनीको शेयर खरिद, बिक्री, हस्तान्तरण र क्यसिनो व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ३६ | क्यासिनो सञ्चालनको | इजाजत प्राप्त कम्पनीले प्राप्त गरेको क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि असार मसान्त सम्मको हुनेछ र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु |

| | | |
|---|---|---|
| | इजाजतपत्रको अवधि र नवीकरण | पर्ने, यस परिच्छेद बमोजिम क्यासिनो सञ्चालन भए नभएको सम्बन्धमा विभागले समय समयमा निरीक्षण तथा जाँचबुझ गर्न सक्ने, क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा साठी दिन अघि विभागमा नवीकरणको लागि निवेदन दिनु पर्ने, निवेदन प्राप्त भएमा विभागले क्यासिनो सञ्चालनको स्थलगत अनुगमन गरी नवीकरण गर्न मनासिब देखिएमा नवीकरण दस्तुर र रोयल्टी रकम दाखिल गर्न लगाई प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र क्यासिनो सञ्चालनको इजाजतपत्र नवीकरण गरिदिनु पर्ने, क्यासिनो सञ्चालनको इजाजतपत्र नवीकरण गराउनको लागि निवेदन नदिएमा क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि व्यतित भएपछि त्यस्तो क्यासिनो सञ्चालनको इजाजतपत्र स्वतः खारेज हुने, नवीकरण हुन नसकी स्वतः खारेजीमा गएको कम्पनीले पुनः क्यासिनो सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिमको प्रक्रियाबाट नयाँ इजाजतपत्र लिनु पर्ने, चार तारा वा सोभन्दा माथिल्लो स्तरका होटल वा रिसोर्ट नवीकरण नभएको वा नवीकरणसम्म भएको तर नियमित रुपमा प्रदान गर्नुपर्ने सेवा तीन महिनादेखि सञ्चालनमा नरहेको वा होटल वा रिसोर्टको स्तर वर्गीकरण निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा झरेको वा दर्ता खारेज भएको अवस्थामा उक्त होटल तथा रिसोर्ट परिसरमा सञ्चालित क्यासिनोको इजाजतपत्र नवीकरण हुने छैन, उक्त कारणले क्यासिनो सञ्चालनको इजाजतपत्र नहुने अवस्था सिर्जना भएमा इजाजत प्राप्त कम्पनीले यस ऐन बमोजिम क्यासिनो रहेको होटल वा रिसोर्ट स्थानान्तरण गर्न चाहेमा क्यासिनो सञ्चालन गरिने होटल वा रिसोर्टको लिखित सहमति सहितको निवेदन पेस गर्नु पर्ने, यसरी निवेदन प्राप्त हुन आएमा विभागले यस ऐन बमोजिम होटल वा रिसोर्टको वर्गीकरण स्तर, पूर्वाधार निर्माण तथा सुरक्षा मापदण्ड पूरा भएको देखिएमा क्यासिनो सञ्चालन इजाजतपत्रको नवीकरण गरी होटल वा रिसोर्ट परिवर्तन गर्न अनुमति दिन सक्ने, क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण दस्तुर, रोयल्टी रकम, नवीकरणका लागि आवश्यक विवरण तथा कागजात तथा क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ३७ | होटल वा रिसोर्ट परिवर्तन गर्न स्वीकृति लिनु पर्ने | इजाजतपत्रवालाले क्यासिनो सञ्चालनको इजाजतपत्र लिँदा क्यासिनो सञ्चालन गर्नको लागि प्रस्ताव गरेको चार तारा वा सो भन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टभन्दा अर्को होटल वा रिसोर्टमा क्यासिनो सञ्चालन गर्ने गरी परिवर्तन गर्नु परेमा विभागको स्वीकृतिको लागि निवेदन दिनु पर्ने, परिवर्तन गर्न चाहेको होटल वा रिसोर्टमा क्यासिनो सञ्चालन सम्बन्धमा पूर्वाधार र मापदण्ड पूरा गरेको देखिएमा होटल वा रिसोर्ट परिवर्तनको लागि विभागले स्वीकृति दिन सक्ने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ३८ | नियमन तथा सुपरिवेक्षण | क्यासिनो सञ्चालन सम्बन्धी कामकारबाहीको नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी र अधिकार विभागलाई हुने, नियमन तथा सुपरिवेक्षणको सिलसिलामा विभाग वा विभागले खटाएको अधिकारीले इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिलाई कुनै आदेश वा निर्देशन दिन वा अनुगमन तथा सुपरिवेक्षण गर्न वा गराउन सक्ने, अनुगमन तथा सुपरिवेक्षण गर्दा सम्बन्धित अधिकारीले इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य कुनै सम्बद्ध व्यक्तिसँग क्यासिनो सम्बन्धी कुनै विवरण, कागजात, सूचना तथा विद्युतीय माध्यमबाट सिर्जना गरिएका अन्य विवरण तथा कुनै जानकारी माग गर्न र आवश्यक निर्देशन दिन सक्ने, अनुगमन तथा सुपरिवेक्षण गर्ने अधिकारीले अनुगमन तथा सुपरिवेक्षणको क्रममा माग गरेको विवरण, कागजात वा जानकारी उपलब्ध गराउनु तथा विभाग वा विभागले खटाएको अधिकारीले दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिको कर्तव्य हुने, कर्तव्य पालना नगर्ने क्यासिनोको सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई सो पदबाट हटाउन वा त्यस्तो क्यासिनो सञ्चालनमा रोक लगाउन विभागले सम्बन्धित इजाजतपत्र प्राप्त कम्पनीलाई आदेश दिन सक्ने, इजाजतपत्र प्राप्त कम्पनीलाई क्यासिनो सञ्चालनमा रोक लगाउने सम्बन्धमा विभागले जारी गरेको आदेश कार्यान्वयन गर्ने कार्यमा स्थानीय प्रशासनले सहयोग गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ३९ | इजाजतपत्र खारेज गर्न सक्नेः | विभागले झुट्ठा विवरण पेस गरी क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त गरेको, तोकिएको सर्त तथा मापदण्ड उल्लङ्घन गरेको, नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना नबुझाएको, अद्यावधिक विवरण नराखेको वा गलत विवरण दिएको वा तयार गरेको पुष्टि भएको, आदेश वा निर्देशन पालना नगरेको पाइएमा क्यासिनो सञ्चालनको इजाजतपत्र खारेज गर्न सक्ने व्यवस्था गरिएको छ तर इजाजतपत्र खारेज गर्नुअघि इजाजतपत्र प्राप्त मुख्य सञ्चालकलाई कम्तीमा सात दिनको समय दिई सफाइ पेश गर्ने मौका दिनु पर्ने व्यवस्था गरिएको छ। |
| ४० | विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्न सक्ने | इजाजतपत्र प्राप्त कम्पनीले विभागको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्न सक्ने, विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्दा विदेशी लगानीकर्ताको लगानी बढीमा उनन्चास प्रतिशतसम्म र बाँकी लगानी स्वदेशी लगानीकर्ताको हुनुपर्ने, यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका इजाजतपत्र प्राप्त कम्पनीले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उक्त शेयर अनुपात कायम गर्नु पर्ने, विदेशी लगानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ४१ | इजाजतपत्र प्राप्त कम्पनीले विदेशी मुद्रा कारोबारको इजाजत लिनु पर्ने | इजाजतपत्र प्राप्त कम्पनीले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक विदेशी मुद्राको कारोबार गर्नको लागि विभागको सिफारिसमा नेपाल राष्ट्र बैंकबाट अनुमति लिनु पर्नेछ र समय समयमा राष्ट्र बैंकबाट जारी निर्देशनको पालना गर्नु पर्ने व्यवस्था गरिएको छ । |
| ४२ | संस्थागत सामाजिक उत्तरदायित्व | इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा प्राप्त गरेको खुद आयको दुई प्रतिशत रकम पर्यटन प्रवर्धन, शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण र श्रमिक तथा कामदार कल्याण जस्ता सामाजिक कार्यमा खर्च गर्नु पर्ने, यो बमोजिम पूरा गर्नु पर्ने सामाजिक उत्तरदायित्व पूरा नगरेमा त्यस्तो रकम सरकारी कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ । |
| ४३ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन पालना गर्नुपर्ने | क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रचलित कानून बमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना गर्नुपर्ने, इजाजतपत्र प्राप्त कम्पनीले सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रचलित कानूनले कसूर मानेका काम कारबाही गरे वा गराएमा वा सो कार्यको उद्योग गरेमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको मानिने व्यवस्था गरिएको छ। |
| ४४ | साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसायको लागि इजाजतपत्र लिनुपर्ने | बेलुनिङ्ग, प्याराग्लाइडिङ, अल्ट्रालाइट, स्काई डाइभिङ्ग तथा साहसिक र मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट इजाजतपत्र लिनु पर्ने, जङ्गल सफारी, क्याम्पिङ, हाइकिङ, बर्डवाचिङ, स्किइङ, जिप फ्लायर, स्वीङ, स्काई वाक, बञ्जी जम्पिङ्ग, रक क्लाइम्बिङ्ग, आइस हक्की, आइस स्केटिङ, आइस क्लाइम्बिङ्ग, हिमाली म्याराथुन, आइस केभिङ, माउन्टेन बाइकिङ, गल्फ, पोलो, पोनि ट्रेकिङ्ग, कृषि पर्यटन, शिक्षा पर्यटन, खेलकुद पर्यटन, स्वास्थ्य तथा आरोग्य पर्यटन, योग, ध्यान तथा आयुर्वेद पर्यटन, रिट्रिट व्यवसाय, चलचित्र पर्यटन, बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी पर्यटन (माइस टुरिजम), ग्रामीण पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, पर्यापर्यटन, पर्यटकीय केबलकार, वाटरपार्क, मनोरन्जन पार्क (फनपार्क) र यस्तै प्रकृतिका साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले सम्बन्धित प्रदेशको कानून बमोजिम इजाजतपत्र लिनु पर्ने गरी तोकिएको छ । |
| ४५ | जल पर्यटन व्यवसाय | नेपालभित्रका नदी, ताल वा झरनामा जलयात्रा (र्‍याफ्टिङ्ग), कायाकिङ, क्यानोनिङ्ग, फिसिङ्ग, नौका बिहार, आधुनिक मोटर बोट र जल सम्बन्धी अन्य पर्यटन व्यवसाय सञ्चालन गर्न चाहने संस्थाले मापदण्ड पूरा गरी प्रदेश कानून बमोजिम इजाजतपत्र लिनु पर्ने गरी प्रस्ताव गरिएको छ। |
| ४६ | इजाजतपत्र दिन नसकिने: | करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नपुगेको, साहुको दामासाहीमा परेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट |

| | | |
|---|---|---|
| | | कसूरदार ठहरिएको, इजाजतपत्र खारेज भएकोमा इजाजतपत्र खारेज भएको मितिले दुई वर्ष भुक्तान नगरेको अवस्थामा इजाजत पत्र नदिने व्यवस्था गरिएको छ। |
| ४७ | पर्यटन विकास निर्देशक समिति | पर्यटन क्षेत्रको विकास तथा प्रवर्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबीच सहकार्य, समन्वय र सहजीकरण गर्न तथा पर्यटन क्षेत्रको विकासको लागि नीतिगत मार्गदर्शन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा प्रदेश सरकारको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्री, सदस्य, राष्ट्रिय योजना आयोग (पर्यटन क्षेत्र हेर्ने) सचिव, मन्त्रालय महानिर्देशक, विभाग, सदस्य सचिव, पर्यटन बोर्ड अध्यक्ष, नेपाल नगरपालिका सङ्घ अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ पर्यटन क्षेत्रका सङ्घसंस्थाका प्रतिनिधि तथा विज्ञमध्येबाट अध्यक्षले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित तीन जना सदस्य र सहसचिव, मन्त्रालय सदस्य सचिव रहने पर्यटन विकास निर्देशक समितिको व्यवस्था गरिएको छ । |
| ४८ | समितिको काम, कर्तव्य र अधिकारः | समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने प्रस्ताव गरिएको छः<br>(क) पर्यटन क्षेत्रको समग्र विकासको लागि नीति निर्धारण गर्ने,<br>(ख) पर्यटन सम्बन्धी योजना, नीति, रणनीति तथा विकास कार्यक्रमको समीक्षा गर्ने,<br>(ग) पर्यटन क्षेत्रको विकासका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा विकास साझेदारबिचको सहकार्य एवम् समन्वय प्रवर्धन गर्न निर्देशन दिने,<br>(घ) नेपालका पर्यटकीय वस्तु तथा गन्तव्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार र बजारीकरण गर्न निर्देशन दिने,<br>(ङ) पर्यटकको सुरक्षा तथा पर्यटन क्षेत्रमा आइपर्ने सङ्कट व्यवस्थापन गर्न मार्गदर्शन गर्ने,<br>(च) सरल र एकद्वार प्रणाली मार्फत पर्यटकीय क्रियाकलाप वा पर्यटन सेवा प्रदान गर्न निर्देशन दिने,<br>(छ) पर्यटन क्षेत्रको लाभ ग्रामीण र विपन्न समुदायसम्म पुऱ्याउन नीतिगत मार्गदर्शन गर्ने,<br>(ज) पर्यटन सम्बन्धी योजना, नीति तथा कानूनको सामञ्जस्यता कायम गर्न नेपाल सरकारलाई सुझाव दिने,<br>(झ) नेपाल सरकारले तोके बमोजिमका अन्य कार्य गर्ने। |
| ४९ | अन्य संस्थागत व्यवस्था | नेपाल सरकारले आन्तरिक तथा बाह्य पर्यटनको विकास तथा प्रवर्धनात्मक कार्यको लागि तोकिए बमोजिमको समिति वा एकाइ गठन गर्न प्रस्ताव गरिएको छ। |
| ५० | कसूर गरेको | कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन बमोजिमको कसूर |

| | | |
|---|---|---|
| | मानिने: | गरेको मानिने व्यवस्था गरिएको छः<br>(क) दफा ४ बमोजिम इजाजतपत्र नलिई होटल वा रिसोर्ट सञ्चालन गरे गराएमा,<br>(ख) दफा ६ बमोजिम सेवा र गुणस्तरको अनुगमन कार्यमा बाधा विरोध गरेमा वा सो दफा बमोजिम दिइएको निर्देशन पालना नगरेमा,<br>(ग) दफा ८ बमोजिम मूल्यसूची प्रकाशन नगरेमा,<br>(घ) दफा ९ बमोजिम पालना गर्नुपर्ने सर्त पालना नगरेमा,<br>(ङ) दफा ११ बमोजिम अनुमति नलिई कुनै हिमालचुली आरोहण गरे, गराएमा वा त्यस्तो कार्य गर्ने वा सोको लागि प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरे, गराएमा,<br>(च) दफा १२ बमोजिम अनुमति नलिई हिमालचुलीबाट साहसिक पर्यटीय क्रियाकलाप गरेमा,<br>(छ) दफा १५ बमोजिम स्वीकृत पर्वतारोहण मार्गको प्रयोग नगरेमा,<br>(ज) दफा १८ बमोजिम पर्वतारोहण दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथ प्रदर्शक वा पर्वतारोहण सहयोगीको बिमा नगराएमा,<br>(झ) दफा १९ विपरीत पर्वतारोहणको क्रममा फोहोर वा प्रदूषण हुने कार्य गरे, गराएमा,<br>(ञ) दफा २१ बमोजिमको दायित्व र जिम्मेवारी पूरा नगरेमा,<br>(ट) दफा २२ बमोजिम बुझाउनु पर्ने प्रतिवेदन वा विवरण नबुझाएमा वा झुठ्ठा प्रतिवेदन वा विवरण बुझाएमा,<br>(ठ) दफा २९ बमोजिम इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गरेमा वा दफा ३५ को उपदफा (६)बमोजिम कुनै कार्य गरेमा,<br>(ड) दफा ३७ बमोजिम स्वीकृति नलिई होटल वा रिसोर्ट परिवर्तन गरेमा,<br>(ढ) दफा ३८ बमोजिम दिइएको आदेश वा निर्देशन पालना नगरेमा,<br>(ण) दफा ४४ को उपदफा (१) बमोजिम इजाजतपत्र नलिई साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सञ्चालन गरेमा,<br>(त) दफा ६३ को उपदफा बमोजिमको कार्य नगरेमा। (१)<br>(थ) यो ऐन वा यस ऐन बमोजिम बनेका नियम वा मन्त्रालय वा विभागको आदेश वा निर्देशन उल्लङ्घन गरेमा वा उल्लङ्घन गर्न दुरुत्साहन गरेमा। |
| ५१ | सजाय | कसूर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुने व्यवस्था गरिएको छः<br>(क) दफा ५० को खण्ड (क) बमोजिमको कसूरमा पचास हजार रूपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना गरी इजाजतपत्र लिन अवधि तोकी आदेश दिने,<br>(ख) दफा ५० को खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसूरमा बिस हजार रूपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना, |

| | | |
|---|---|---|
| | | (ग) दफा ५० को खण्ड (ङ) वा (ञ)बमोजिमको कसूरमा देहाय बमोजिमको सजायः-<br>(१) नेपाली नागरिकले कसूर गरेको भए दश वर्षसम्म नेपालका हिमालचुली आरोहण गर्न नपाउने गरी प्रतिबन्ध लगाउने वा सम्बन्धित हिमालचुली आरोहण गर्न लाग्ने रोयल्टी रकमको दोब्बर रकम जरिबाना गर्ने वा दुवै सजाय,<br>तर विदेशी व्यक्तिले कसूर गरेकोमा निजलाई यस उपखण्डमा उल्लिखित सजाय वा पाँच वर्षसम्म नेपाल प्रवेश गर्न रोक लगाउने वा दुवै सजाय गर्न सकिनेछ।<br>(२) ट्रेकिङ्ग एजेन्सीले कसूर गरेको भए सम्बन्धित हिमालचुली आरोहण गर्न लाग्ने रोयल्टी रकम बराबर जरिबाना गर्ने वा पर्वतारोहण सम्बन्धी कार्य गर्न पाँच वर्ष सम्म प्रतिबन्ध लगाउने वा दुवै सजाय र पुनः सोही कसूर गरेमा रोयल्टी रकमको दोब्बर रकम जरिबाना गरी एजेन्सी खारेज गर्न सकिनेछ।<br>(घ) दफा ५० को खण्ड (च), (छ) वा (ज) बमोजिमको कसूरमा पाँच लाख रुपैयाँसम्म जरिबाना,<br>(ङ) दफा ५० को खण्ड (झ) बमोजिमको कसूरमा पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,<br>(च) दफा ५० को खण्ड (ट) बमोजिमको कसूरमा सम्बन्धित हिमालचुली आरोहण गर्न लाग्ने रोयल्टी रकमको दोब्बर रकम जरिबाना गर्ने वा दश वर्षसम्म नेपालका हिमालचुली आरोहण गर्न गराउन नपाउने गरी प्रतिबन्ध लगाउने वा दुबै सजाय,<br>तर सार्वजनिक पद धारण गरेको व्यक्तिलाई सम्पर्क अधिकृत खटाइएको भएमा निजलाई प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।<br>(छ) दफा ५० को खण्ड (ठ) बमोजिमको कसूर गर्ने व्यक्ति वा इजाजतपत्रवालालाई एक करोड रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्म जरिबाना र त्यस्तो कार्यमा प्रमुख भई काम गर्ने व्यक्ति वा सोको मुख्य भई काम गर्ने सञ्चालकलाई एक वर्षदेखि तीन वर्षसम्म कैद,<br>(ज) दफा ५० को खण्ड (ड) बमोजिमको कसूरमा दश लाख रुपैयाँसम्म जरिबाना,<br>(झ) दफा ५० को खण्ड (ढ) बमोजिमको कसूरमा पहिलो पटकको लागि पच्चिस लाख रूपैयाँदेखि पचास लाख रूपैयाँसम्म जरिबाना र त्यसपछि पटकैपिच्छे दोब्बर रकम जरिबाना,<br>(ञ) दफा ५० को खण्ड (ण) बमोजिमको कसूरमा पाँच लाख रुपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिबाना, |

| | | |
|---|---|---|
| | | (ट) दफा ५० को खण्ड (त) बमोजिमको कसूरमा पाँच लाख रुपैयाँदेखि आठ लाख रूपैयाँसम्म जरिबाना,<br>(ठ) दफा ५० को खण्ड (थ) बमोजिमको कसूरमा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना।<br>(२) उपदफा (१) को खण्ड (क) बमोजिम इजाजतपत्र लिन आदेश दिएको नब्बे दिनभित्र इजाजत नलिई होटल वा रिसोर्ट सञ्चालन गरेमा महानिर्देशकले उक्त व्यवसाय बन्द गर्न आदेश दिन सक्नेछ।<br>(३) दफा ३८ को उपदफा (५) बमोजिम सञ्चालनमा रोक लगाइएको क्यासिनोमा प्रयोग गरिएको जुनसुकै प्रकारको यन्त्र, उपकरण, नगद, जिन्सी वा सोसँग सम्बन्धित जुनसुकै वस्तुलाई कसूरजन्य सम्पत्ति मानी जफत गरिनेछ।<br>(४) क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त कम्पनीले यस ऐन बमोजिमको जरिबाना वा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना बापतको रकम तोकिएको अवधिभित्र नबुझाएमा त्यस्तो रकम दफा ३४ बमोजिम पेस गरेको जमानतबाट असुल गरिनेछ। त्यसरी रकम असुल गर्दा समेत कुनै रकम बाँकी हुन आएमा बाँकी रकम इजाजतपत्र प्राप्त कम्पनीको सञ्चालकबाट सरकारी बाँकी सरह असुल गरिनेछ।<br>(५) दफा २२ को उपदफा (१) बमोजिम दिएको प्रतिवेदन झुठ्ठा ठहरेमा त्यस्तो प्रतिवेदनको आधारमा पर्वतारोहण प्रमाणपत्र जारी भएको रहेछ भने महानिर्देशकले त्यस्तो प्रमाणपत्र रद्द गर्नु पर्नेछ। |
| ५२ | मुद्दा हर्ने अधिकारीः | ऐनको दफा ५१ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय हुने कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई, सोही उपदफाको खण्ड (ग) र (च) बमोजिम सजाय हुने कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयको सचिवलाई र सोही उपदफाका अन्य खण्ड बमोजिम सजाय हुने कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार विभागको महानिर्देशकलाई हुने व्यवस्था गरिएको छ। |
| ५३ | नेपाल सरकार वादी हुने | ऐनको दफा ५१ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची मा समावेश भएको मानिने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ५४ | पुनरावेदन | जिल्ला अदालत र मन्त्रालयको सचिवबाट शुरु कारबाही र किनारा भएकोमा उच्च अदालतमा र विभागको महानिर्देशकबाट शुरु कारबाही र किनारा भएकोमा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने, पुनरावेदन गर्दा शुरु कारबाही र किनारा भएको मितिले पैंतिस दिनभित्र गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ५५ | ट्राभल तथा | ट्राभल तथा टूर एजेन्सी, ट्रेकिङ्ग एजेन्सी र पथ प्रदर्शकको काम गर्न चाहने |

| | | |
|---|---|---|
| | टूर एजेन्सी , ट्रेकिङ्ग एजेन्सी, पदयात्रा र पथप्रदर्शकको इजाजतपत्र | नेपाली नागरिकले सम्बन्धित प्रदेशको कानून बमोजिम इजाजतपत्र लिनु पर्ने, इजाजतपत्र सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ५६ | घरबास (होमस्टे) | घरबास (होमस्टे) सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले स्थानीय कानून बमोजिम अनुमति लिनु पर्ने, घरबास सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधार तथा सुरक्षा सम्बन्धी मापदण्ड प्रदेश कानून बमोजिम हुने प्रावधान प्रस्ताव गरिएको छ । |
| ५७ | पर्यटकीय यातायात सेवा | पर्यटक वा आन्तरिक पर्यटकका लागि पर्यटक यातायात सेवा सञ्चालन गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम इजाजतपत्र लिनु पर्ने व्यवस्था गरिएको छ। |
| ५८ | आन्तरिक पर्यटन प्रवर्धन सम्बन्धी व्यवस्थाः | नेपाल सरकारले आन्तरिक पर्यटन प्रवर्धनको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्ने, कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक तथा सङ्गठित संस्थामा पर्यटन बिदाको व्यवस्था गर्न सकिने, आन्तरिक पर्यटन प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ५९ | पर्यटक प्रहरी | पर्यटकको उचित सुरक्षा, उद्धार तथा गुनासो सम्बोधन गर्न आवश्यक सङ्ख्यामा पर्यटक प्रहरी रहने, पर्यटक प्रहरी नेपाल प्रहरीबाट उपलब्ध गराइने, महानिर्देशकले पर्यटक प्रहरीको परिचालन गर्ने, पर्यटक प्रहरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने प्रस्ताव गरिएको छ । |
| ६० | एकीकृत पर्यटकीय उपज (युनिफाइड टुरिजम प्रोडक्ट) को विकासः | मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय तथा साझेदारी गरी एकीकृत पर्यटकीय उपज (युनिफाइड टुरिजम प्रोडक्ट) को विकास गर्न सक्ने, एकीकृत पर्यटकीय उपजको विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ६१ | विशेष पर्यटकीय क्षेत्रको घोषणा | नेपाल सरकारले नेपालका पर्यटकीय आकर्षण भएको क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने, उक्त क्षेत्रको विकास, प्रवर्धन तथा व्यवस्थापनका लागि नेपाल सरकारले प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गर्ने, उक्त बमोजिमको क्षेत्रमा बन्ने पूर्वाधार र भौतिक संरचनाको ढाँचा र मापदण्ड नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ६२ | छुट तथा सहुलियत दिन | नेपाल सरकारले तोकेको स्थानमा होटेल, रिसोर्ट स्थापना र संचालन गर्न तथा पर्यापर्यटन, एग्रो पर्यटन, साहसिक पर्यटनको प्रवर्धनको लागि छुट, सहुलियत, |

| | | |
|---|---|---|
| | सक्ने | प्रोत्साहन र सुविधा दिन सक्ने व्यवस्था गरिएको छ। |
| ६३ | आपतकालीन खोज, उद्धार तथा उपचार | दुर्घटनामा परेका, सम्पर्क बिहीन भई बेपत्ता भएका वा गम्भीर स्वास्थ्य अवस्था भएका पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी व्यवस्थापनको जिम्मेवारी सम्बन्धित ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको हुने, पर्यटकको खोज, उद्धार तथा उपचारको व्यवस्थापन सम्बन्धित ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले गर्न नसकेमा वा खोज तथा उद्धारका लागि अन्य सरकारी निकायसँग समन्वय गर्नु पर्ने भएमा त्यस्तो ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको अनुरोधमा विभागले खोज, उद्धार तथा उपचारको लागि सम्बन्धित निकायसँग समन्वय गर्नु पर्ने, पर्यटकको खोज, उद्धार तथा उपचारमा संलग्न ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको अनुगमन विभागले गर्नु पर्ने, ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीसँग आवद्ध नभई पर्यटकीय क्रियाकलापमा संलग्न रहेका पर्यटकको खोज, उद्धार तथा उपचारको लागि विभागले आवश्यक व्यवस्था मिलाउने, आपतकालीन अवस्थामा रहेका पर्यटकको खोज, उद्धार तथा उपचारको लागि विभागले आवश्यक उपकरण सहित तालिम प्राप्त जनशक्ति परिचालन गर्न सक्ने, पर्वतारोहण गर्न गएको कुनै व्यक्ति सम्पर्कबिहीन भएको र एक वर्षसम्म खोजी गर्दा समेत नभेटिएको अवस्थामा निजलाई मृत घोषणा गर्न सकिने, पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ६४ | पर्यटकीय सेवाको गुणस्तर र पर्यटकको सुरक्षा सम्बन्धी व्यवस्था | पर्यटकलाई लक्षित गरी उपलब्ध गराइने सेवा सुविधाको गुणस्तर सम्बन्धमा मन्त्रालयले मापदण्ड बनाउन सक्ने, सेवा सुविधाको गुणस्तरको मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ६५ | एकीकृत सेवा दिन सकिने | मन्त्रालयले पर्यटकलाई नेपालको विभिन्न प्राकृतिक, सांस्कृतिक वा ऐतिहासिक स्थलमा प्रवेश अनुमति दिने लगायतका सम्बन्धमा एकीकृत रुपमा सेवा दिने व्यवस्था गर्न सक्ने, एकीकृत सेवा दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने प्रस्ताव गरिएको छ। |
| ६६ | जनशक्ति उत्पादन तथा व्यवस्थापन | मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय तथा निजी क्षेत्रसँग सहकार्य गरी पर्यटन उद्योगमा आवश्यक पर्ने माउण्टेन गाइड, ट्रेकिङ्ग गाइड, टुर तथा ट्राभल गाइड, रिभर गाइड, कुक, क्रुपियर, स्टेवार्ड वा तोकिए बमोजिमका अन्य जनशक्तिको उत्पादन तथा परिचालन गर्ने व्यवस्था मिलाउन सक्ने व्यवस्था गरिएको छ । |
| ६७ | पर्यटकले | पर्यटकले पर्यावरणमा नकारात्मक असर पार्ने मालसामान वा वस्तु विदेशबाट |

| | | |
|---|---|---|
| | ल्याएको मालसामान बिक्रीमा प्रतिबन्ध लगाउन सक्ने | नेपालमा ल्याई कसैलाई बिक्री, दान, दातव्य वा अरू कुनै प्रकारबाट हक हस्तान्तरण गर्न नपाउने, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पर्यटकले आफूसँगै फिर्ता लैजानु पर्ने मालसामान वा वस्तुको सूची प्रकाशन गर्ने, सूचीमा समावेश भएका मालसामान वा वस्तु कसैले लिएमा वा दिएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो मालसामान वा वस्तु जफत गरी दिने व्यक्तिलाई मालसामान वा वस्तुको मूल्य बराबरको रकम जरिबाना गरी त्यसरी जफत गरिएका मालसामान वा वस्तु निजको खर्चमा सम्बन्धित देशमा लैजाने गरी फिर्ता दिनु पर्ने व्यवस्था गरिएको छ । |
| ६८ | प्रतिवेदन वा विवरण पेस गर्नु पर्ने | यो ऐन बमोजिम विभागबाट इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले तोकिएको अवधिभित्र तोकिए बमोजिमको प्रतिवेदन र विवरण विभागमा पेस गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ६९ | विवरण हेरफेर भएमा जानकारी दिनु पर्ने | विभागबाट इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो इजाजतपत्र वा अनुमतिको लागि दरखास्त दिँदाका बखत खुलाएको विवरणमा कुनै हेरफेर भएमा त्यस्तो हेरफेर भएको मितिले पन्ध्र दिनभित्र विभागमा लिखित जानकारी दिनु पर्ने, विभागबाट इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले आफ्नो व्यवसाय बन्द गरेमा त्यस्तो व्यवसाय बन्द भएको मितिले पन्ध्र दिनभित्र विभागमा लिखित जानकारी दिनु पर्ने, व्यवसाय बन्द भएको जानकारी प्राप्त भएमा बन्द भएको व्यवसायको कुनै शुल्क वा बक्यौता असुल हुन बाँकी रहेको भए त्यस्तो बाँकी रहेको रकम असुल गरी विभागले त्यस्तो व्यवसायको इजाजतपत्र वा अनुमति खारेज गरि दिनु पर्ने, व्यवसायको इजाजतपत्र वा अनुमति खारेज भएको जानकारी विभागले सम्बन्धित आन्तरिक राजस्व कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालयलाई दिनु पर्ने व्यवस्था गरिएको छ। |
| ७० | अधिकार प्रत्यायोजन गर्न सक्ने | नेपाल सरकारलाई प्राप्त कुनै अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सरकार, स्थानीय तह, कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने, मन्त्रालय वा विभागलाई प्राप्त कुनै अधिकार मन्त्रालय वा विभागले मातहतका कार्यालय वा अधिकृतस्तरका कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने, तर न्यायिक रोहबाट निर्णय गर्नुपर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन भन्ने व्यवस्था गरिएको छ । |
| ७१ | नियम बनाउने अधिकार | नेपाल सरकार, मन्त्रिपरिषद्ले यो ऐन कार्यान्वयन गर्न आवश्यक नियमहरू बनाउन सक्ने व्यवस्था रहेको छ । |
| ७२ | निर्देशिका वा मापदण्ड बनाउन सक्ने | मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली प्रतिकूल नहुने गरी आवश्यकता अनुसार निर्देशिका र मापदण्ड बनाई लागू गर्न सक्ने व्यवस्था रहेको छ । |
| ७३ | अनुसूची | मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको अनुसूचीमा |

| | | |
|---|---|---|
| | हेरफेर गर्न सक्ने | आवश्यक हेरफेर गर्न सक्ने व्यवस्था रहेको छ । |
| ७४ | खारेजी र बचाउ | पर्यटन ऐन, २०३५ खारेज गरिएको साथै पर्यटन ऐन, २०३५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था गरिएको छ। |

# <u>पर्यटन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** पर्यटकीय गतिविधिको प्रवर्धन, पर्यटन उद्योगको व्यवस्थापन तथा नियमन गर्न, पर्यटकको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न तथा पर्यटन क्षेत्रको दिगो विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य अभिवृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न पर्यटन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम “पर्यटन ऐन, २०८१” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “आधार शिविर” भन्नाले पर्वतारोहणको लागि बन्दोवस्तीका सामग्री, खाद्यवस्तु, औषधि लगायतका आवश्यक मालसामान र उपकरण सहित पर्वतारोहण सम्बन्धी निर्देशन, समन्वय र सहजीकरणका लागि खास प्रविधि बिना पुग्न सकिने सबभन्दा तल्लो उचाइको सम्बन्धित हिमालचुलीको शुरुवाती विन्दु सम्झनु पर्छ।

(ख) “आन्तरिक पर्यटक” भन्नाले आफ्नो बसोबासको ठेगानाबाट नेपालको विभिन्न स्थानमा कम्तीमा चौबिस घण्टा बिताउने गरी भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ।

(ग) "क्यासिनो" भन्नाले पर्यटकको मनोरञ्जनको लागि परम्परागत रुपमा वा आधुनिक मेसिन वा विद्युतीय उपकरणको माध्यमबाट बाजी (बेट) राखी रकम जित वा हार हुने गरी खेलिने जुवा वा सट्टाबाजी वा त्यस्तै किसिमको कुनै खेल खेलाउने व्यवसाय सम्झनु पर्छ।

(घ) “घरबास (होमस्टे)” भन्नाले पर्यटक वा आन्तरिक पर्यटकको लागि समुदायको मौलिकता झल्किने गरी स्थानीय उत्पादनमा आधारित गुणस्तरयुक्त खाना तथा सुरक्षित बसोबासको प्रबन्ध गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भई दफा ५६ बमोजिम अनुमति प्राप्त निजी वा सामुदायिक आवास सम्झनु पर्छ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट पर्यटकीय उद्देश्य लिई हवाई वा स्थलमार्गबाट नेपालमा कम्तीमा चौबिस घण्टा र बढीमा एक सय पचास दिन समय बिताउने गरी आउने गैर नेपाली नागरिक सम्झनु पर्छ।

(छ) "पर्यटन उद्योग" भन्नाले अनुसूची बमोजिमको उद्योग सम्झनु पर्छ।

(ज) "पर्वतारोही" भन्नाले हिमालचुली आरोहणको लागि विभागबाट अनुमति प्राप्त व्यक्ति वा पर्वतारोहण दल सम्झनु पर्छ।

(झ) "पर्वतारोहण" भन्नाले नेपालका हिमश्रृङ्खलाको कुनै निश्चित हिमालचुली पुग्ने उद्देश्यबाट पर्वतारोहण दलले त्यस्तो हिमालचुली आरोहण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले हिमालको आरोहणलाई समेत जनाउँछ।

(ञ) "पर्वतारोहण दल" भन्नाले विभागबाट अनुमति प्राप्त गरी नेपालका हिमालचुली आरोहण गर्न चाहने व्यक्ति वा समूह सम्झनु पर्छ।

(ट) "पर्वतारोहण पथप्रदर्शक" भन्नाले दफा १७ बमोजिम पर्वतारोहण पथप्रदर्शकको इजाजत पत्र प्राप्त नेपाली नागरिक सम्झनु पर्छ।

(ठ) "पर्वतारोहण सहयोगी" भन्नाले आधार शिविरसम्म वा सोभन्दा माथि पर्वतारोहीका लागि आवश्यक बन्दोबस्तीका काम गर्ने सरदार, पथ प्रदर्शक र अन्य काम गर्ने कामदार समेत सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(ढ) "महानिर्देशक" भन्नाले विभागको प्रमुख सम्झनु पर्छ ।

(ण) "रिसोर्ट" भन्नाले प्रकृति, इतिहास वा संस्कृति प्रतिविम्बित हुने गरी निर्माण गरिएको आधुनिक सुविधा सहितको मौलिक पर्यटकीय आवास सम्झनु पर्छ।

(त) "विभाग" भन्नाले नेपाल सरकारको पर्यटन विभाग सम्झनु पर्छ।

(थ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(द) "समिति" भन्नाले दफा ४७ बमोजिमको पर्यटन विकास निर्देशक समिति सम्झनु पर्छ।

(ध) "सम्पर्क अधिकृत" भन्नाले दफा १६ बमोजिम खटाइएको सम्पर्क अधिकृत सम्झनु पर्छ।

(न) "सरदार" भन्नाले पर्वतारोहीसँग जाने दफा १७ बमोजिमको पर्वतारोहण पथप्रदर्शकको काम गर्ने समूहको नेता सम्झनु पर्छ।

(ऩ) "साहसिक पर्यटन" भन्नाले स्किइङ्ग, हेली स्किइङ्ग, अल्ट्रालाइट, बन्जी जम्पिङ्ग, स्वीङ्ग, क्यानोनिङ्ग, हेली डाइभिङ्ग, स्काई डाइभिङ्ग, प्याराग्लाइडिङ्ग, रक क्लाइम्बिङ्ग, आइस क्लाइम्बिङ्ग, हिमाली म्याराथुन, केभिङ्ग, हन्टिङ्ग, माउन्टेन बाइक, र्‍याफ्टिङ्ग, जीप लाइन, जेट स्की, वेश जम्प, कायाकिङ्ग,

फ्लाइ बोर्ड, मोटर बोट, स्नो बोट, प्यारासेलिङ्ग, एडभेन्चर रेसिङ्ग, स्काई वाक लगायतका अन्य साहसिक पर्यटकीय गतिविधि सम्झनु पर्छ।

(प) "होटल" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको मापदण्ड पूरा भएका तारास्तरका होटल, हेरिटेज र बुटिक सम्झनु पर्छ।

## परिच्छेद -२

## होटल तथा रिसोर्ट सम्बन्धी व्यवस्था

३. **स्तर निर्धारण, वर्गीकरण र सञ्चालन मापदण्ड**: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी होटल तथा रिसोर्टको स्तर निर्धारण, वर्गीकरण र सञ्चालन सम्बन्धी मापदण्ड तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको स्तर निर्धारण, वर्गीकरण र सञ्चालन सम्बन्धी मापदण्ड सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

४. **इजाजतपत्र लिनु पर्ने**: (१) कसैले चारतारा वा सो भन्दा माथिल्लो स्तरको होटल वा रिसोर्ट सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिए बमोजिमका कागजात संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदनको सम्बन्धमा जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दा दफा ३ बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा दस्तुर लिई विभागले होटल वा रिसोर्ट सञ्चालनको इजाजतपत्र जारी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका चार तारा वा सो भन्दा माथिल्लो स्तरका होटल वा रिसोर्टले यो ऐन जारी भएको मितिले दुई बर्षभित्र यस दफा बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

(६) तीन तारा वा सो भन्दा तल्लो स्तरका होटल र रिसोर्ट, अन्य होटल, लज, रेष्टुराँ, पार्टी प्यालेस, डान्सबार, क्लब, दोहोरी साँझ, गजल रेष्टुराँ, बार (पब) र स्पाको इजाजतपत्र, त्यस्तो इजाजतपत्रको नवीकरण, निलम्बन तथा खारेजी सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

(७) यस दफा बमोजिम होटल वा रिसोर्ट सञ्चालन गर्न इजाजतपत्रको लागि दिने निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात, निवेदन दस्तुर, इजाजतपत्र दस्तुर र निवेदनको ढाँचा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **इजाजतपत्रको नवीकरण**: (१) दफा (४) को उपदफा (४) बमोजिमको अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा साठी दिन अघि नवीकरणको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गर्नु पर्नेछ।

(क) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ख) कम्पनीको सञ्चालक र शेयरधनीको अद्यावधिक विवरण तथा शेयर लगत,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) इजाजतपत्रको प्रतिलिपि,

(ङ) नवीकरण दस्तुर तिरेको भरपाइ

(च) विभागले तोकेका अन्य कागजातहरू

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दिने निवेदनको ढाँचा, निवेदन दस्तुर, नवीकरण दस्तुर तथा नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **सेवा र गुणस्तरको अनुगमनः** (१) दफा ४ बमोजिम विभागबाट इजाजतपत्र प्राप्त होटल तथा रिसोर्टले दफा ३ बमोजिमको मापदण्ड अनुसारको सेवा र गुणस्तर कायम गरेको वा नगरेको वा अनुमतिपत्रमा तोकिएका शर्त पूरा गरे नगरेको सम्बन्धमा विभागले समय समयमा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मापदण्ड बमोजिमको सेवा र गुणस्तर कायम गरेको नदेखिएमा विभागले बढीमा साठी दिनको अवधि तोकी त्यस्तो मापदण्ड बमोजिमको सेवा र गुणस्तर कायम गर्न सम्बन्धित होटल वा रिसोर्टलाई निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयावधिभित्र तोकेको सेवा र मापदण्ड पूरा गरेको नदेखिएमा विभागले दफा ७ बमोजिमको स्तर निर्धारण समितिको सिफारिसमा त्यस्तो होटल वा रिसोर्टको बढीमा एक बर्षसम्म दर्ता निलम्बन गर्न वा तल्लो स्तरमा पुनः स्तर निर्धारण तथा वर्गीकरण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता निलम्बन भएको वा तल्लो स्तरमा स्तर निर्धारण तथा वर्गीकरण भएको होटल वा रिसोर्टले बढीमा एक बर्षभित्र साविकको स्तर वा मापदण्ड पूरा गरेमा विभागले त्यस्तो निलम्बन फुकुवा गर्ने वा साविककै स्तरमा स्तर निर्धारण तथा वर्गीकरण गर्नेछ।

तर निलम्बन भएको अवधिसम्म पनि साविकमा तोकिएको स्तर वा मापदण्ड कायम गर्न नसक्ने र चार तारा भन्दा माथिल्लो स्तर वा मापदण्ड कायम गरी सञ्चालन गर्न नचाहने होटल वा रिसोर्ट तल्लो स्तरमा निर्धारण तथा वर्गीकरण गर्न र चार तारा स्तरको होटल वा रिसोर्ट रहेछ भने सो स्तरको होटल वा रिसोर्टको इजाजतपत्र विभागले खारेज गर्न सक्नेछ।

(५) दफा ४ बमोजिम विभागबाट इजाजतपत्र प्राप्त होटल तथा रिसोर्टले उपलब्ध गराउने खाद्य पदार्थको गुणस्तर परीक्षण गर्ने निकायबाट कम्तीमा तीन महिनामा एक पटक जाँच गराई सोको अभिलेख राखी विभागलाई जानकारी दिनु पर्नेछ।

७. **पुनः स्तर निर्धारण तथा वर्गीकरण गर्न सक्नेः** (१) विभागले दफा (६) को उपदफा (३) बमोजिम सिफारिस गर्नका लागि देहाय बमोजिमको एक स्तर निर्धारण समिति गठन गर्नेछ।

(क) शाखा प्रमुख, होटल शाखा, विभाग -संयोजक

(ख) कानून अधिकृत, विभाग -सदस्य

(ग) शाखा अधिकृत, होटल शाखा, विभाग -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा विभागले आवश्यकता अनुसार दुई जना सम्म विज्ञ आमन्त्रित गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले स्थलगत निरीक्षण, अन्य कागजात अध्ययन तथा मूल्याङ्कन गर्दा त्यस्ता होटल तथा रिसोर्टको दर्ता निलम्बन गर्न वा पुनः स्तर निर्धारण वा वर्गीकरण गर्न आवश्यक देखेमा विभाग समक्ष सोही बमोजिमको सिफारिस गर्नेछ।

८. **मूल्यसूची प्रकाशन गर्नु पर्नेः** दफा ४ बमोजिम इजाजतपत्र प्राप्त गरी सञ्चालित होटल वा रिसोर्ट सञ्चालकले ग्राहकलाई दिने सेवा सुविधाको स्तर, सोको दर वा मूल्यसूची ग्राहकले देख्न र पढ्न सक्ने गरी नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशन गर्नु पर्नेछ।

९. **होटल वा रिसोर्टले पालन गर्नुपर्ने सर्तहरुः** कुनै होटल वा रिसोर्टले देहायको कार्य गर्न वा गराउन हुँदैनः-

(क) वर्गीकरण भएको स्तरभन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न वा गराउन,

(ख) आफ्नो परिसरमा प्रयोग गर्नुपर्ने वाकीटकी तथा अन्य रेडियो यन्त्रको प्रयोग प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट स्वीकृति नलिई प्रयोग गर्न वा गराउन,

(ग) सम्बन्धित निकायको स्वीकृति नलिई विदेशी मुद्राको कारोबार गर्न वा गराउन,

(घ) प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति नलिई विदेशी नागरिकलाई रोजगारमा लगाउन,

(ङ) पर्यटकहरुलाई सेवा सुविधा दिने सवारी साधनलाई पर्यटकीय नम्वर प्लेट कायम नगरी सेवा सञ्चालन गर्न,

(च) प्रचलित कानून बमोजिम तोकिएको वातावरणीय अध्ययन नगराई होटल वा रिसोर्ट निर्माण गर्न।

## परिच्छेद – ३

## पर्वतारोहण सम्बन्धी व्यवस्था

१०. **<u>हिमालचुलीको नामाकरण तथा आरोहण खुला गर्नेः</u>** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हिमालचुलीको नामाकरण गरी पर्वतारोहणको लागि खुला गर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्वतारोहणको लागि खुला गरिएको हिमालचुली कुनै उपयुक्त कारण जनाई निश्चित अवधिको लागि मन्त्रालयले सूचना प्रकाशन गरी बन्द गर्न सक्नेछ।

(३) हिमालचुलीको नामाकरण गर्ने तथा पर्वतारोहणको लागि हिमालचुली खुला गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

११. **<u>पर्वतारोहण गर्न अनुमति लिनु पर्नेः</u>** (१) पर्वतारोहण गर्न चाहने पर्वतारोहण दलले विभागबाट अनुमति लिनु पर्नेछ।

तर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको उचाइभन्दा कम उचाइका हिमालचुली आरोहण गर्न विभागको अनुमति लिनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिम अनुमति लिन चाहने पर्वतारोहण दलले इजाजत प्राप्त ट्रेकिङ्ग एजेन्सी मार्फत दफा १३ बमोजिमको पर्वतारोहण योजना र निवेदन दस्तुर तथा कागजात संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिँदा पर्वतारोहण दलको सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथप्रदर्शक र अन्य पर्वतारोहण सहयोगीको लागि नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट पछिल्लो एक महिनाभित्र गरेको स्वास्थ्य परीक्षण प्रमाणपत्र समेत पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन तथा संलग्न कागजात, पर्वतारोहण योजना र उपदफा (३) बमोजिमको स्वास्थ्य परीक्षणको प्रमाणपत्र जाँचबुझ गर्दा हिमालचुली आरोहणको लागि अनुमति दिन उपयुक्त देखिएमा विभागले पर्वतारोहण मार्ग र सर्तहरु तोकी पर्वतारोहण अनुमति दिन सक्नेछ।

तर दफा ९ बमोजिम नेपाल सरकारले खुला नगरेको हिमालचुली आरोहणको लागि अनुमति दिइने छैन।

(५) उपदफा (३) बमोजिमको स्वास्थ्य परीक्षण प्रमाणपत्रमा स्वास्थ्य स्थिति सन्तोषजनक नदेखिएको व्यक्तिलाई पर्वतारोहण गर्ने वा पर्वतारोहण दलसँग जाने अनुमति दिइने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको कम्तीमा सात हजार मिटरभन्दा अग्लो कुनै एउटा हिमालचुली आरोहण गरेको अभिलेख पेस गरेपछि मात्र सगरमाथा आरोहणको अनुमतिपत्र जारी गरिनेछ।

(७) पर्वतारोहण गर्न पाउने समय, निवेदन दस्तुर, अनुमतिका सर्त, हिमालचुली आरोहणमा उपलब्ध हुनु पर्ने सेवा, गुणस्तर, पर्वतारोहीको उमेर र अनुभव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **हिमालचुलीबाट साहसिक पर्यटकीय क्रियाकलाप गर्न अनुमति लिनु पर्नेः** (१) पर्वतारोहणको क्रममा हिमालचुलीबाट प्याराग्लाइडिङ्ग, स्काई डाइभिङ्ग, हेली स्किइङ्ग, अल्ट्रालाइट वा यस्तै प्रकृतिका अन्य साहसिक पर्यटकीय क्रियाकलाप गर्न चाहने पर्वतारोहीले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिन चाहने पर्वतारोहीले मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(३) दफा ११ बमोजिम पर्वतारोहणको अनुमति प्राप्त नगर्ने व्यक्तिलाई यस दफा बमोजिमको अनुमति दिइने छैन।

(४) उपदफा (२) बमोजिम दिने निवेदनको ढाँचा, हिमालचुलीबाट साहसिक पर्यटकीय क्रियाकलाप गर्ने पर्वतारोहीको योग्यता, अनुमतिका सर्त, अनुमति शुल्क, सुरक्षाको मापदण्ड तथा अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **पर्वतारोहण योजनाः** (१) पर्वतारोहण दलले दफा ११ बमोजिम पर्वतारोहण गर्ने अनुमति प्राप्त गर्नको लागि पर्वतारोहण योजना तयार गर्नु पर्नेछ।

(२) पर्वतारोहण दल वा त्यस्तो दलको कुनै सदस्यले पर्वतारोहणको क्रममा कुनै कीर्तिमान राख्न चाहेमा उपदफा (१) बमोजिमको पर्वतारोहण योजनामा त्यस्तो कीर्तिमान राख्ने विषय समेत समावेश गर्नु पर्नेछ।

(३) पर्वतारोहण योजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **पर्वतारोहण रोयल्टी बुझाउनु पर्नेः** (१) दफा ११ बमोजिम पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोहण दलका सदस्यले पर्वतारोहण रोयल्टी परिवर्त्य विदेशी मुद्रामा विभागमा बुझाउनु पर्नेछ।

तर नेपाली पर्वतारोहीले बुझाउनु पर्ने पर्वतारोहण रोयल्टी नेपाली मुद्रामा बुझाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै एक पर्वतारोहीले तिरेको पर्वतारोहण रोयल्टी अर्को पर्वतारोहीको लागि हस्तान्तरण गर्न सकिने छैन।

(३) दफा २६ बमोजिम पर्वतारोहण अभियान परित्याग गरेमा वा दफा २७ बमोजिम अनुमति खारेज भएमा उपदफा (१) बमोजिम बुझाएको पर्वतारोहण रोयल्टी रकम फिर्ता हुने छैन।

तर सशस्त्र विद्रोह, बाह्य आक्रमण, प्राकृतिक विपद् वा महामारीको कारणबाट काबु बाहिरको परिस्थिति परी पर्वतारोहण कार्य गर्न नसकेमा पर्वतारोहण रोयल्टी बुझाएको दुई वर्षभित्र पूर्व अनुमति प्राप्त वा अन्य कुनै हिमालचुली आरोहण गर्ने गरी विभागले रोयल्टी रकम मिलान गरिदिन सक्नेछ।

(४) पर्वतारोहण रोयल्टी तथा रोयल्टी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **पर्वतारोहण मार्गः** (१) पर्वतारोहण दलले पर्वतारोहण गर्दा विभागबाट प्राप्त अनुमतिपत्रमा निर्धारण गरिएको मार्गको प्रयोग गर्नु पर्नेछ।

(२) कुनै कारणले उपदफा (१) बमोजिमको मार्गको प्रयोग नगरी अन्य मार्गको प्रयोग गर्नु परेमा सोको कारण सहित पर्वतारोहण दलले प्रयोग गर्न चाहेको पर्वतारोहण मार्ग स्वीकृतिको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा विभागबाट तोकिएको पर्वतारोहण मार्ग परिवर्तन गर्नु पर्ने उपयुक्त आधार र कारण देखिएमा विभागले पर्वतारोहण दलले माग गरे बमोजिमको पर्वतारोहण मार्ग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

तर आकस्मिक कारण परी यस उपदफा बमोजिम स्वीकृति लिन सम्भव नभएमा सम्पर्क अधिकृतसँग समन्वय गरी पर्वतारोहण मार्ग परिवर्तन गर्न सक्नेछ। त्यसरी पर्वतारोहण मार्ग परिवर्तन गर्नु परेको कारण सहितको जानकारी सम्पर्क अधिकृत मार्फत विभागलाई यथाशीघ्र दिनु पर्नेछ।

(४) विभागले पर्वतारोहण दलको सहजताको लागि आवश्यक देखेमा पर्वतारोहण मार्गमा डोरी टाँग्ने (रोप फिक्सिङ्ग) व्यवस्था मिलाउनेछ।

(५) पर्वतारोहण मार्ग र उक्त मार्गमा डोरी टाँग्ने (रोप फिक्सिङ्ग) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **सम्पर्क अधिकृत**: (१) पर्वतारोहणको क्रममा पर्वतारोहण दलसँग आवश्यक समन्वय र सहजीकरण गर्न विभागले सम्पर्क अधिकृत खटाउनेछ।

(२) उपदफा (१) बमोजिम सम्पर्क अधिकृत खटाउँदा विभागले तोके बमोजिमको सङ्ख्याभन्दा बढी पर्वतारोही समावेश भएको पर्वतारोहण दलको लागि विभागले तोकेको सङ्ख्यामा एकभन्दा बढी सम्पर्क अधिकृत खटाउन सक्नेछ।

(३) सम्पर्क अधिकृत खटाउँदा पर्वतारोहणको क्रममा स्किइङ्ग वा अन्य कुनै कार्य गर्न कुनै पर्वतारोहण दलको सदस्यले प्रचलित कानून बमोजिम अनुमति लिएको र त्यस्तो कार्यको लागि सम्पर्क अधिकृत खटाउनु पर्ने व्यवस्था भएकोमा विभागले त्यस्तो अनुमति दिने निकायसँग समन्वय गरी यस दफा बमोजिम खटाइएको सम्पर्क अधिकृतलाई थप जिम्मेवारी तोकी पठाउन सक्नेछ।

(४) सम्पर्क अधिकृतले पर्वतारोहण दलसँग आधार शिविरसम्म पुगी पर्वतारोहण दलको दैनिक गतिविधिको सूचना राखी सोको जानकारी विभागमा दिनु पर्नेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सम्पर्क अधिकृत लैजानु नपर्ने गरी तोकेको हिमालचुली आरोहण गर्दा सम्पर्क अधिकृत आवश्यक पर्ने छैन।

(६) सम्पर्क अधिकृतलाई सम्बन्धित पर्वतारोहण दलले पर्वतारोहण अभियानको लागि प्रस्थान गरेको मितिदेखि पर्वतारोहण सम्पन्न गरी विभागले तोकेको स्थानमा फर्की नआएसम्मको सुविधा दिनु पर्नेछ।

(७) सम्पर्क अधिकृत आधार शिविरसम्म नपुगेमा वा पर्वतारोहणमा आवश्यक समन्वय र सहजीकरण गरेको नपाइएमा त्यस्तो सम्पर्क अधिकृतलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न विभागले मन्त्रालय वा सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको परिस्थितिको कारणले कुनै सम्पर्क अधिकृत आधार शिविरसम्म पुग्न नसकेको पर्याप्त आधार र कारण सहित निवेदन दिएमा त्यस्तो सम्पर्क अधिकृत उपर कुनै कारबाही गरिने छैन।

(९) सम्पर्क अधिकृतको योग्यता, काम, कर्तव्य, अधिकार, सुविधा र सम्पर्क अधिकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **सरदार, पर्वतारोहण पथप्रदर्शक तथा पर्वतारोहण सहयोगी**: (१) पर्वतारोहण दलले पर्वतारोहणको लागि प्रस्थान गर्दा विभागबाट स्वीकृत भए बमोजिमका सङ्ख्याका व्यक्तिलाई सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीको रुपमा लैजानु पर्नेछ।

(२) कुनै पर्वतारोहण दल पर्वतारोहणको लागि प्रस्थान गरिसकेपछि बाटोमा काबु बाहिरको परिस्थिति परी पर्वतारोहण दलसँग गएका व्यक्ति अगाडि जान नसक्ने भएमा वा अन्य कुनै कारणले उपदफा (१) बमोजिमका व्यक्तिका अतिरिक्त अन्य पर्वतारोहण सहयोगी थप गर्न आवश्यक भएमा सम्बन्धित पर्वतारोहण दलले सम्पर्क अधिकृत मार्फत विभागलाई जानकारी गराई अन्य व्यक्तिलाई साथमा लैजान सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमका व्यक्तिलाई पर्वतारोहणको लागि प्रस्थान गरेको मितिदेखि पर्वतारोहण सम्पन्न गरी विभागले तोकेको स्थानमा फर्की नआएसम्मको लागि सम्बन्धित पर्वतारोहण दलले सुविधा दिनु पर्नेछ।

(४) सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगी नेपाली नागरिक हुनु पर्नेछ।

(५) सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीको योग्यता, स्तर, काम, कर्तव्य र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **बिमा गराउनु पर्ने**: (१) पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण सम्बन्धी कार्य शुरु हुनुअघि पर्वतारोहण दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथ प्रदर्शक र पर्वतारोहण सहयोगीको लागि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त बिमा कम्पनीबाट व्यक्तिगत दुर्घटना बिमा, स्वास्थ्य उपचार बिमा, खोज तथा उद्धार सम्बन्धी बिमा र मृत शरीर व्यवस्थापनको बिमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिमा गराउँदा एक सिजनमा एकभन्दा बढी हिमालचुली आरोहण गर्ने पर्वतारोहण दल, त्यस्तो पर्वतारोहण दलको साथमा जाने सरदार, पर्वतारोहण पथप्रदर्शक वा पर्वतारोहण सहयोगीको लागि तीन महिनासम्मको अवधिको लागि एकमुस्ट बिमा गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको व्यक्तिको वा पर्वतारोहणको काममा लगाइएको कुनै पर्वतारोहण सहयोगीको बिमा गर्न नपाउँदै काममा लगाइएको भएमा सो अवधिमा त्यस्तो व्यक्ति बेपत्ता भएमा, दुर्घटनामा परेमा वा मृत्यु भएमा निज वा निजको हकवालालाई पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले देहाय बमोजिमको रकम क्षतिपूर्ति बापत दिनु पर्नेछः-

(क) मृत्यु भएकोमा व्यक्तिगत दुर्घटना बिमा गराउँदा सो बापत पाउने बराबरको रकम र मृत शरीर व्यवस्थापन गर्न लाग्ने खर्च बराबरको रकम,

(ख) बेपत्ता भएकोमा खोजी गर्न लाग्ने खर्च बराबरको रकम,

(ग) दुर्घटनामा परेकोमा उद्धार तथा उपचार गर्न लाग्ने रकम।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "दुर्घटना" भन्नाले आकस्मिक वा प्राकृतिक दुर्घटना, हिउँ वा भौगोलिक उचाइबाट हुने स्वास्थ्य सम्बन्धी जटिलता वा चोटपटक लागेको अवस्था सम्झनु पर्छ।

(४) बीमा रकम तथा बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **वातावरण संरक्षण तथा सरसफाइः** (१) पर्वतारोहण गर्न जाने पर्वतारोहण दलका सदस्य, सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीले पर्वतारोहणको क्रममा प्रयोग गर्ने मालसामान वा वस्तुबाट उत्पन्न हुने फोहरमैला व्यवस्थापनको लागि विभागले पर्वतारोहण अनुमति पत्र जारी गर्दा पर्वतारोहण दलबाट पर्वतीय सरसफाइ शुल्क लिनेछ।

(२) पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण दलका सदस्य, सरदार, पर्वतारोहण पथप्रदर्शक तथा पर्वतारोहण सहयोगीले पर्वतारोहणको लागि लगेका मालसामान वा वस्तु विभागले तोकेको स्थानमा फिर्ता ल्याउनु पर्नेछ।

(३) पर्वतारोहण गर्ने ऋतु वा समय समाप्त भएपछि विभागले पर्वतारोहणको क्रममा उत्पन्न फोहोरमैला सङ्कलन तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(४) पर्वतीय पर्यावरण संरक्षणको लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा गैरसरकारी संस्थाको सहयोग लिन सकिनेछ।

(५) सरकारी वा गैर सरकारी वा निजी प्रयासमा गरिने सरसफाइ अभियान विभागले तोके बमोजिम हुनेछ।

(६) पर्वतारोहण दलका सदस्यले पर्वतारोहण गर्दा त्यस क्षेत्रमा फोहोर हुन तथा वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन तोकिए बमोजिमका शर्त पालना गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम तोकिएका सर्त पालना नगरेबाट कसैको जिउ–ज्यानमा वा कुनै सरकारी, सार्वजनिक वा व्यक्तिगत सम्पत्तिमा हानि नोक्सानी हुन गएमा सम्बन्धित पर्वतारोहीले क्षतिपूर्ति दिनु पर्नेछ।

(८) पर्वतारोहणका क्रममा पर्वतारोहण दलले पालना गर्नुपर्ने वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी शर्त, फिर्ता ल्याउनु पर्ने सामानहरु तथा शर्त पालना नगरेमा दिनुपर्ने

क्षतिपूर्ति, पर्वतीय सरसफाइ शुल्क र वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **वातावरण संरक्षण तथा पर्वतारोही कल्याणकारी कोषः** (१) नेपाल सरकारले पर्वतारोहणमा संलग्न पर्वतारोही तथा पर्वतारोहण सहयोगीको सामाजिक सुरक्षा तथा वातावरण संरक्षणको लागि एक वातावरण संरक्षण तथा पर्वतारोही कल्याणकारी कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा पर्वतारोही, पर्वतारोहण दल, अन्य व्यक्ति वा संस्थाले रकम जम्मा गर्न सक्नेछ।

(३) पर्वतारोहण अनुमतिपत्र जारी गर्दाका बखत दफा १९ को उपदफा (१) बमोजिम लिएको पर्वतीय सरसफाइ शुल्क विभागले कोषमा दाखिला गर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा प्राप्त हुने रकम, कोषको सञ्चालन र खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **पर्वतारोहण दलको नेता, पर्वतारोही तथा ट्रेकिङ्ग एजेन्सीको दायित्व र जिम्मेवारी**: (१) दफा ११ बमोजिम पर्वतारोहण अनुमतिपत्र दिँदा विभागले तोकेका शर्त पालना गराउने मुख्य दायित्व र जिम्मेवारी पर्वतारोहण दलको नेताको हुनेछ।

(२) पर्वतारोहण दलको नेता, पर्वतारोहण दलका सदस्य तथा ट्रेकिङ्ग एजेन्सीको दायित्व र जिम्मेवारी तथा पर्वतारोहण दलको टोली नेता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **प्रतिवेदन बुझाउनु पर्ने**: (१) पर्वतारोहण सम्पन्न गरी विभागले तोकेको स्थानमा फर्की आएको मितिले तोकिएको अवधिभित्र पर्वतारोहण दलको नेता, सम्पर्क अधिकृत र पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले हिमालचुलीमा पुगेको फोटो र उपलब्ध भएसम्मका अन्य प्रमाण खुलाई तोकिए बमोजिमको ढाँचामा विभागमा प्रतिवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन बुझाउने प्रयोजनको लागि पर्वतारोहण दलको नेताले पर्वतारोहण दलको कुनै सदस्यलाई पर्वतारोहण दलको नेताको काम गर्ने गरी अधिकार सुम्पन सक्नेछ।

२३. **पर्वतारोहणको प्रमाणपत्र**: (१) दफा ११ बमोजिम पर्वतारोहण अनुमति प्राप्त गरी पर्वतारोहण सम्पन्न गर्ने पर्वतारोहण दल र पर्वतारोहण दलको सदस्यलाई निजले आरोहण गरेको हिमालचुली र त्यसको उचाइ उल्लेख गरी प्रमाणपत्रको लागि आवेदन दिएमा अनुमतिपत्रमा निर्धारण भएको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र विभागले प्रमाणपत्र दिनु पर्नेछ।

तर काबु बाहिरको परिस्थिति परी सो अवधिभित्र प्रमाणपत्र लिन आवेदन गर्न नसकेमा अनुमतिपत्रमा निर्धारण भएको अवधि समाप्त भएको एक वर्षभित्र प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयावधिभित्र प्रमाणपत्रको लागि आवेदन नगर्ने पर्वतारोहीलाई सो समय पश्चात् प्रमाणपत्र उपलब्ध गराइने छैन।

(३) पर्वतारोहण दल वा त्यस्तो दलको कुनै सदस्यले दफा १३ बमोजिमको पर्वतारोहण योजनामा समावेश भए बमोजिमको कीर्तिमान राखेको भएमा विभागले त्यस्तो कीर्तिमान राखेको व्यहोरा उपदफा (१) बमोजिमको प्रमाणपत्रमा उल्लेख गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रमाणपत्र दिनुअघि विभागले दफा २२ बमोजिमको प्रतिवेदन, हिमालचुलीमा पुगेको फोटो र उपलब्ध भएसम्मका अन्य आधुनिक प्रविधि समेतको आधारमा सम्बन्धित पर्वतारोहण दल तथा त्यस्तो दलका सदस्यले हिमालचुली आरोहण गरेको पुष्टि गर्नु पर्नेछ।

(५) पर्वतारोहण दलको साथमा जाने सरदार, पर्वतारोहण पथप्रदर्शक वा पर्वतारोहण सहयोगीले समेत हिमालचुली आरोहण गरेको पुष्टि भएमा निजको पर्वतारोहण भूमिका खुलाई विभागले उपदफा (१) बमोजिमको प्रमाणपत्र दिन सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पर्वतारोहण दलको सदस्यले दफा १९ को उपदफा (९) बमोजिमको क्षतिपूर्ति तिर्नु पर्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति तिरे वा बुझाएपछि तथा दफा १९ को उपदफा (४) बमोजिम रकम असुल गर्नु पर्ने भएकोमा त्यस्तो रकम असुल भएपछि मात्र त्यस्तो पर्वतारोहण दलको सदस्यलाई पर्वतारोहणको प्रमाणपत्र दिइनेछ।

(७) पर्वतारोहणको प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **जानकारी गराउने**: (१) पर्वतारोहणको सिलसिलामा पर्वतारोहण दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथप्रदर्शक वा पर्वतारोहण सहयोगी दुर्घटनामा परेमा, बेपत्ता भएमा वा मृत्यु भएमा सो सम्बन्धी विवरण सहितको प्रतिवेदन सम्पर्क अधिकृत, पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सी, पर्वतारोहण दलको नेता वा कुनै सदस्यले विभागमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा कुनै व्यक्तिको मृत्यु भएको, बेपत्ता भएको वा दुर्घटनामा परेको जानकारी विभागले सम्बन्धित व्यक्तिको हकवाला र सम्बन्धित निकायलाई दिनु पर्नेछ।

२५. **छुट वा सहुलियत दिन सकिने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली पर्वतारोहण दल वा नेपाली र विदेशी पर्वतारोही सम्मिलित संयुक्त पर्वतारोहण दललाई नेपाल सरकारले तोकिए बमोजिम पर्वतारोहण रोयल्टी छुट वा सहुलियत दिन सक्नेछ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै हिमालचुली आरोहणको लागि अवधि तोकी पर्वतारोहण रोयल्टी छुट दिन सक्नेछ।

२६. **<u>पर्वतारोहणको परित्याग</u>**: कुनै पर्वतारोहण दलले आफ्नो पर्वतारोहण अभियान जुनसुकै बखत परित्याग गर्न सक्नेछ। त्यसरी पर्वतारोहण परित्याग गरेको जानकारी सम्पर्क अधिकृत मार्फत विभागमा दिनु पर्नेछ।

२७. **<u>अनुमतिपत्र खारेज गर्न वा प्रतिबन्ध लगाउने सकिने</u>**: (१) पर्वतारोहण दलको नेता, कुनै सदस्य वा पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा पर्वतारोहण अनुमतिपत्रमा विभागले तोकेको कुनै सर्तको उल्लङ्घन गरेमा विभागले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र जुनसुकै बखत खारेज गरी तीन वर्षसम्म पर्वतारोहणमा प्रतिबन्ध लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वा कुनै विशेष कारण परी यस ऐन बमोजिम प्रदान गरिएको पर्वतारोहणको अनुमतिपत्र खारेज गर्नु परेमा विभागले सम्बन्धित ट्रेकिङ्ग एजेन्सीलाई सुनुवाइको मौका दिनु पर्नेछ।

२८. **<u>कानूनी प्रतिनिधि हुने</u>**: यस ऐन बमोजिम पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सी सम्बन्धित पर्वतारोहण दलको कानूनी प्रतिनिधि हुनेछ।

## परिच्छेद - ४

## <u>क्यासिनोको इजाजत र सञ्चालन</u>

२९. **<u>इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन नहुने</u>**: कसैले पनि यस ऐन बमोजिम इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन हुँदैन।

३०. **<u>कम्पनी संस्थापना गर्नु पर्ने</u>**: (१) यस ऐन बमोजिम क्यासिनो सञ्चालन गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कम्पनी संस्थापना गर्दा कायम गर्नुपर्ने चुक्ता पुँजी तोकिए बमोजिम हुनेछ।

३१. **<u>पूर्वस्वीकृति लिनु पर्ने</u>**: (१) दफा ३० बमोजिम कम्पनी संस्थापना गर्नुअघि विभागबाट पूर्वस्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वस्वीकृति लिन चाहने व्यक्तिले चार तारा वा सोभन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न दिएको लिखित सहमति, तोकिए बमोजिमको होटलको विवरण, कागजात र दस्तुर सहित विभागमा निवेदन दिनु पर्नेछ।

(३) चार तारा वा सोभन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न सहमति दिंदा त्यस्तो क्यासिनोमा उक्त होटल वा रिसोर्टको कम्तिमा दश प्रतिशत शेयर स्वामित्व हुनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकले आवश्यक विवरण तथा कागजात पेस गरेको पाइएमा विभागले क्यासिनो सञ्चालनको लागि तयार गर्नु पर्ने पूर्वाधार तथा सर्त तोकी निवेदकलाई कम्पनी संस्थापनाको पूर्वस्वीकृति दिन सक्नेछ।

(५) क्यासिनो इजाजत र सञ्चालनको पूर्वस्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **पूर्वस्वीकृति नदिइने**: दफा ३१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विभागले क्यासिनो सञ्चालन गर्ने कम्पनी संस्थापना गर्नको लागि पूर्वस्वीकृति दिने छैनः-

(क) प्रस्तावित कम्पनी वा क्यासिनोको नाम पहिले नै संस्थापना भएको कम्पनी वा इजाजतपत्र प्राप्त क्यासिनोसँग मिल्ने भएमा,

(ख) तोकिए बमोजिमको चुक्ता पुँजी नभएमा,

(ग) धार्मिक वा साँस्कृतिक दृष्टिले संवेदनशील मानिएको क्षेत्रमा क्यासिनो सञ्चालन गर्न प्रस्ताव गरेमा,

(घ) अन्तर्राष्ट्रिय सीमा क्षेत्रबाट पाँच किलोमिटरको दुरीभित्र क्यासिनो सञ्चालन गर्ने प्रस्ताव गरेमा,

तर यो ऐन लागु हुनु भन्दा अघि नै पूर्वस्वीकृति लिएका वा सञ्चालनमा रहेका क्यासिनोको हकमा यो व्यवस्था लागु हुने छैन।

(ङ) प्रस्तावित कम्पनीको कुनै सञ्चालकको सम्बन्धमा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा,-

(१) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको अवधिमा,

(२) प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै निकायलाई कुनै कर, शुल्क, रकम वा अदालतको आदेश बमोजिम तिर्नुपर्ने जरिबाना वा क्षतिपूर्ति तिर्न बुझाउन बाँकी भएको,

(३) दामासाहीमा परेकोमा प्रचलित कानून बमोजिम दामासाहीमा परेको हैसियत अन्त्य नभएको,

(४) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा वा कुनै नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट भएको सजाय भुक्तान गरेको पाँच वर्ष ननाघेको।

३३. **क्यासिनो सञ्चालनको इजाजतपत्रः** (१) दफा ३१ बमोजिम पूर्वस्वीकृति प्राप्त गरेको मितिले एक वर्षभित्र क्यासिनो सञ्चालनको लागि पूर्वाधार तथा योग्यता सम्बन्धी सर्त पूरा गरी क्यासिनो सञ्चालनको इजाजतपत्रको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदन साथ संलग्न गर्नु पर्ने विवरण तथा कागजात संलग्न गरेको र पूर्वाधार तथा योग्यता (फिट एण्ड प्रपर टेष्ट) सम्बन्धी सर्त पूरा गरेको पाइएमा विभागले इजाजतपत्र दस्तुर लिई निवेदक कम्पनीलाई आवश्यक सर्त तोकी क्यासिनो सञ्चालन इजाजतपत्र दिन सक्नेछ। त्यस्तो इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिँदा एक कम्पनीलाई एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न इजाजतपत्र दिइने छैन।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै कम्पनीले एउटा इजाजतपत्रबाट एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको रहेछ भने संवत् २०८२ साल असार मसान्त भित्र सो कम्पनीले रोजेको कुनै एक क्यासिनो मात्र सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम क्यासिनो सञ्चालन गर्न वा उपदफा (२) बमोजिम इजाजतपत्र लिनको लागि त्यस्ता क्यासिनोले नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण कर, रोयल्टी, शुल्क र थप शुल्क तथा बुझाउन बाँकी बक्यौता बुझाउनु पर्नेछ।

(६) इजाजतपत्र दस्तुर, विवरण तथा कागजात, पूर्वाधार तथा योग्यता (फिट एण्ड प्रपर टेष्ट) सम्बन्धी सर्त तथा इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **बैंक जमानत पेस गर्ने**ः (१) दफा ३३ बमोजिम क्यासिनो सञ्चालनको इजाजतपत्र दिने निर्णय गर्नु अघि विभागले अवधि तोकी सम्बन्धित कम्पनीलाई रोयल्टी, नवीकरण दस्तुर बापतको रकम वा सो बराबरको बैङ्क जमानत पेस गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र जमानत बापतको रकम वा बैङ्क ग्यारेण्टी पेस नगर्ने कम्पनीलाई इजाजतपत्र दिइने छैन।

३५. **क्यासिनो व्यवस्थापन तथा सञ्चालनः** (१) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले आफूले प्राप्त गरेको क्यासिनो सञ्चालनको इजाजतपत्र अरू कसैलाई कुनै किसिमले प्रयोग गर्न दिनु हुँदैन र कसैले पनि अरू कसैको क्यासिनो सञ्चालनको इजाजतपत्र लिई क्यासिनो सञ्चालन गर्नु हुँदैन।

(२) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा क्यासिनो खेल्ने व्यक्तिको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(३) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गर्ने र त्यस्तो कम्पनीमा नियन्त्रण गर्ने हैसियत भएको कुनै व्यक्ति, कम्पनी वा संस्थाले क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीको कुल चुक्ता पुँजीको दश प्रतिशत वा सोभन्दा बढी शेयर वा स्वामित्व खरिद, बिक्री वा कुनै तरिकाले हस्तान्तरण गर्नुअघि विभागबाट स्वीकृति लिनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुअघि क्यासिनो सञ्चालन गर्न क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले यस परिच्छेद बमोजिम कायम गर्नु पर्ने पूर्वाधार तथा सुरक्षा मापदण्ड पूरा नगरेको भएमा यो ऐन प्रारम्भ भएको दुई वर्षभित्र त्यस्तो पूर्वाधार तथा मापदण्ड पूरा गरिसक्नु पर्नेछ।

(५) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिले ग्राहकबाट कर बापत कट्टा गरेको रकम सोही दिन वा सोही दिन नभ्याइएमा सोको भोलिपल्ट राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(६) कसैले क्यासिनो सञ्चालनको इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गरेमा वा उपदफा (१), (२), (३) वा (४) विपरीत कुनै कार्य गरेमा विभागले त्यस्तो क्यासिनो तुरुन्त बन्द गराउने आदेश दिई अन्य कानूनी कारवाही अगाडि बढाउनु पर्नेछ।

(७) क्यासिनो खेल्ने व्यक्तिको विवरण, कम्पनीको शेयर खरिद, बिक्री, हस्तान्तरण र क्यासिनो व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि र नवीकरण:** (१) इजाजत प्राप्त कम्पनीले प्राप्त गरेको क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि असार मसान्त सम्मको हुनेछ र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ।

(२) यस परिच्छेद बमोजिम क्यासिनो सञ्चालन भए नभएको सम्बन्धमा विभागले समय समयमा निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ।

(३) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा साठी दिन अघि विभागमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले क्यासिनो सञ्चालनको स्थलगत अनुगमन गरी नवीकरण गर्न मनासिब देखिएमा नवीकरण दस्तुर र रोयल्टी रकम दाखिल गर्न लगाई प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र क्यासिनो सञ्चालनको इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम क्यासिनो सञ्चालनको इजाजतपत्र नवीकरण गराउनको लागि निवेदन नदिएमा क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि व्यतित भएपछि त्यस्तो क्यासिनो सञ्चालनको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(६) उपदफा (४) बमोजिम नवीकरण हुन नसकी स्वतः खारेजीमा गएको कम्पनीले पुनः क्यासिनो सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिमको प्रक्रियाबाट नयाँ इजाजतपत्र लिनु पर्नेछ ।

(७) चार तारा वा सोभन्दा माथिल्लो स्तरका होटल वा रिसोर्ट नवीकरण नभएको वा नवीकरणसम्म भएको तर नियमित रुपमा प्रदान गर्नुपर्ने सेवा तीन महिनादेखि सञ्चालनमा नरहेको वा होटल वा रिसोर्टको स्तर वर्गीकरण निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा झरेको वा दर्ता खारेज भएको अवस्थामा उक्त होटल तथा रिसोर्ट परिसरमा सञ्चालित क्यासिनोको इजाजतपत्र नवीकरण हुने छैन।

(८) उपदफा (७) को अवस्थाका कारणले क्यासिनो सञ्चालनको इजाजतपत्र नवीकरण नहुने अवस्था सिर्जना भएमा इजाजत प्राप्त कम्पनीले यस ऐन बमोजिम क्यासिनो रहेको होटल वा रिसोर्ट स्थानान्तरण गर्न चाहेमा क्यासिनो सञ्चालन गरिने होटल वा रिसोर्टको लिखित सहमति सहितको निवेदन पेस गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको निवेदन प्राप्त हुन आएमा विभागले यस ऐन बमोजिम होटल वा रिसोर्टको वर्गीकरण स्तर, पूर्वाधार निर्माण तथा सुरक्षा मापदण्ड पूरा भएको देखिएमा क्यासिनो सञ्चालन इजाजतपत्रको नवीकरण गरी ऐनको दफा ३७ बमोजिम होटल वा रिसोर्ट परिवर्तन गर्न अनुमति दिन सक्नेछ।

(१०) क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण दस्तुर, रोयल्टी रकम, नवीकरणका लागि आवश्यक विवरण तथा कागजात तथा क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **होटल वा रिसोर्ट परिवर्तन गर्न स्वीकृति लिनु पर्नेः** (१) इजाजतपत्रवालाले यस ऐन बमोजिम क्यासिनो सञ्चालनको इजाजतपत्र लिँदा क्यासिनो सञ्चालन गर्नको लागि प्रस्ताव गरेको चार तारा वा सो भन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टभन्दा अर्को होटल वा रिसोर्टमा क्यासिनो सञ्चालन गर्ने गरी परिवर्तन गर्नु परेमा विभागको स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिवर्तन गर्न चाहेको होटल वा रिसोर्टमा क्यासिनो सञ्चालन सम्बन्धमा यस परिच्छेद बमोजिमका पूर्वाधार र मापदण्ड पूरा गरेको देखिएमा होटल वा रिसोर्ट परिवर्तनको लागि विभागले स्वीकृति दिन सक्नेछ।

३८. **नियमन तथा सुपरिवेक्षणः** (१) क्यासिनो सञ्चालन सम्बन्धी कामकारबाहीको नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी र अधिकार विभागलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम नियमन तथा सुपरिवेक्षणको सिलसिलामा विभाग वा विभागले खटाएको अधिकारीले इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिलाई कुनै आदेश वा निर्देशन दिन वा अनुगमन तथा सुपरिवेक्षण गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन तथा सुपरिवेक्षण गर्दा सम्बन्धित अधिकारीले इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य कुनै सम्बद्ध व्यक्तिसँग क्यासिनो सम्बन्धी कुनै विवरण, कागजात, सूचना तथा विद्युतीय माध्यमबाट सिर्जना गरिएका अन्य विवरण तथा कुनै जानकारी माग गर्न र आवश्यक निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिम अनुगमन तथा सुपरिवेक्षण गर्ने अधिकारीले अनुगमन तथा सुपरिवेक्षणको क्रममा माग गरेको विवरण, कागजात वा जानकारी उपलब्ध गराउनु वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम विभाग वा विभागले खटाएको अधिकारीले दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिको कर्तव्य हुनेछ।

(५) उपदफा (४) बमोजिमको कर्तव्य पालना नगर्ने क्यासिनोको सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई सो पदबाट हटाउन वा त्यस्तो क्यासिनो सञ्चालनमा रोक लगाउन विभागले सम्बन्धित इजाजतपत्र प्राप्त कम्पनीलाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम इजाजतपत्र प्राप्त कम्पनीलाई क्यासिनो सञ्चालनमा रोक लगाउने सम्बन्धमा विभागले जारी गरेको आदेश कार्यान्वयन गर्ने कार्यमा स्थानीय प्रशासनले सहयोग गर्नु पर्नेछ।

३९. **इजाजतपत्र खारेज गर्न सक्नेः** (१) देहायको कुनै अवस्थामा विभागले क्यासिनो सञ्चालनको इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) झुट्ठा विवरण पेस गरी क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त गरेको पाइएमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली वा क्यासिनो सञ्चालनको इजाजतपत्रमा तोकिएको सर्त तथा मापदण्ड उल्लङ्घन गरेमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली वा अन्य प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना नबुझाएमा,

(घ) दफा ३५ को उपदफा (२) बमोजिम अद्यावधिक विवरण नराखेको वा गलत विवरण दिएको वा तयार गरेको पुष्टि भएमा,

(ङ) दफा ३८ बमोजिम दिएको आदेश वा निर्देशन पालना नगरेमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि इजाजतपत्र प्राप्त मुख्य सञ्चालकलाई कम्तीमा सात दिनको समय दिई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

४०. **विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्न सक्नेः** (१) इजाजतपत्र प्राप्त कम्पनीले विभागको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्न सक्नेछ।

(२) विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्दा विदेशी लगानीकर्ताको लगानी बढीमा उनन्चास प्रतिशतसम्म र बाँकी लगानी स्वदेशी लगानीकर्ताको हुनुपर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका इजाजतपत्र प्राप्त कम्पनीले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (२) बमोजिमको शेयर अनुपात कायम गर्नु पर्नेछ।

(४) विदेशी लगानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४१. **इजाजतपत्र प्राप्त कम्पनीले विदेशी मुद्रा कारोबारको इजाजत लिनु पर्नेः** इजाजतपत्र प्राप्त कम्पनीले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक विदेशी मुद्राको कारोबार गर्नको लागि विभागको सिफारिसमा नेपाल राष्ट्र बैंकबाट अनुमति लिनु पर्नेछ र समय समयमा राष्ट्र बैंकबाट जारी निर्देशनको पालना गर्नु पर्नेछ।

४२. **संस्थागत सामाजिक उत्तरदायित्वः** (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा प्राप्त गरेको खुद आयको दुई प्रतिशत रकम पर्यटन प्रवर्धन, शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण र श्रमिक तथा कामदार कल्याण जस्ता सामाजिक कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरा गर्नु पर्ने सामाजिक उत्तरदायित्व पूरा नगरेमा त्यस्तो रकम सरकारी कोषमा दाखिला गर्नु पर्नेछ।

(३) सामाजिक उत्तरदायित्व सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन पालना गर्नुपर्नेः** (१) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय

लगानी निवारण सम्बन्धमा प्रचलित कानून बमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना गर्नुपर्नेछ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रचलित कानूनले कसूर मानेका काम कारबाही गरे वा गराएमा वा सो कार्यको उद्योग गरेमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको मानिनेछ।

## परिच्छेद –५

## साहसिक पर्यटन व्यवसाय

४४. **साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसायको लागि इजाजतपत्र लिनुपर्नेः** (१) बेलुनिङ्ग, प्यारागलाइडिङ, अल्ट्रालाइट, स्काई डाइभिङ्ग तथा साहसिक र मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) जङ्गल सफारी, क्याम्पिङ, हाइकिङ, बर्डवाचिङ, स्किइङ, जिप फ्लायर, स्वीङ, स्काई वाक, बञ्जी जम्पिङ्ग, रक क्लाइम्बिङ्ग, आइस हक्की, आइस स्केटिङ, आइस क्लाइम्बिङ्ग, हिमाली म्याराथुन, आइस केभिङ, माउन्टेन बाइकिङ, गल्फ, पोलो, पोनि ट्रेकिङ्ग, कृषि पर्यटन, शिक्षा पर्यटन, खेलकुद पर्यटन, स्वास्थ्य तथा आरोग्य पर्यटन, योग, ध्यान तथा आयुर्वेद पर्यटन, रिट्रिट व्यवसाय, चलचित्र पर्यटन, बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी पर्यटन (माइस टुरिजम), ग्रामीण पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, पर्यापर्यटन, पर्यटकीय केबलकार, वाटरपार्क, मनोरन्जन पार्क (फनपार्क) र यस्तै प्रकृतिका साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले सम्बन्धित प्रदेशको कानून बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **जल पर्यटन व्यवसाय** : (१) नेपालभित्रका नदी, ताल वा झरनामा जलयात्रा (र्‍याफ्टिङ्ग), कायाकिङ, क्यानोनिङ्ग, फिसिङ्ग, नौका बिहार, आधुनिक मोटर बोट र जल सम्बन्धी अन्य पर्यटन व्यवसाय सञ्चालन गर्न चाहने संस्थाले मापदण्ड पूरा गरी प्रदेश कानून बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

(२) जल पर्यटन व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

४६. **इजाजतपत्र दिन नसकिनेः** देहायको व्यक्तिलाई दफा ४४ को उपदफा (१) बमोजिमको व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिन सकिने छैनः-

(क) करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नपुगेको,

(ख) साहुको दामासाहीमा परेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) इजाजतपत्र खारेज भएकोमा इजाजतपत्र खारेज भएको मितिले दुई वर्ष भुक्तान नगरेको।

## परिच्छेद – ६

## संस्थागत व्यवस्था

४७. **पर्यटन विकास निर्देशक समिति:** (१) पर्यटन क्षेत्रको विकास तथा प्रवर्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबीच सहकार्य, समन्वय र सहजीकरण गर्न तथा पर्यटन क्षेत्रको विकासको लागि नीतिगत मार्गदर्शन गर्न देहाय बमोजिमको पर्यटन विकास निर्देशक समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | -अध्यक्ष |
| (ख) | प्रदेश सरकारको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्री | -सदस्य |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (पर्यटन क्षेत्र हेर्ने) | -सदस्य |
| (घ) | सचिव, मन्त्रालय | -सदस्य |
| (ङ) | महानिर्देशक, विभाग | -सदस्य |
| (च) | सदस्य सचिव, पर्यटन बोर्ड | -सदस्य |
| (छ) | अध्यक्ष, नेपाल नगरपालिका सङ्घ | -सदस्य |
| (ज) | अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ | -सदस्य |
| (झ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | -सदस्य |
| (ञ) | पर्यटन क्षेत्रका सङ्घसंस्थाका प्रतिनिधि तथा विज्ञमध्येबाट अध्यक्षले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित तीन जना | -सदस्य |
| (ट) | सहसचिव, मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरुलाई पुनः एकपटक सदस्य पदमा मनोनयन गर्न बाधा पर्ने छैन।

(३) समितिको बैठक वर्षको कम्तीमा दुईपटक बस्नेछ र बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(४) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा अध्यक्षले कुनै निकायका प्रतिनिधि वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४८. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पर्यटन क्षेत्रको समग्र विकासको लागि नीति निर्धारण गर्ने,

(ख) पर्यटन सम्बन्धी योजना, नीति, रणनीति तथा विकास कार्यक्रमको समीक्षा गर्ने,

(ग) पर्यटन क्षेत्रको विकासका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा विकास साझेदारबिचको सहकार्य एवम् समन्वय प्रवर्धन गर्न निर्देशन दिने,

(घ) नेपालका पर्यटकीय वस्तु तथा गन्तव्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार र बजारीकरण गर्न निर्देशन दिने,

(ङ) पर्यटकको सुरक्षा तथा पर्यटन क्षेत्रमा आइपर्ने सङ्कट व्यवस्थापन गर्न मार्गदर्शन गर्ने,

(च) सरल र एकद्वार प्रणाली मार्फत पर्यटकीय क्रियाकलाप वा पर्यटन सेवा प्रदान गर्न निर्देशन दिने,

(छ) पर्यटन क्षेत्रको लाभ ग्रामीण र विपन्न समुदायसम्म पुऱ्याउन नीतिगत मार्गदर्शन गर्ने,

(ज) पर्यटन सम्बन्धी योजना, नीति तथा कानूनको सामञ्जस्यता कायम गर्न नेपाल सरकारलाई सुझाव दिने,

(झ) नेपाल सरकारले तोके बमोजिमका अन्य कार्य गर्ने।

४९. **अन्य संस्थागत व्यवस्था:** नेपाल सरकारले आन्तरिक तथा बाह्य पर्यटनको विकास तथा प्रवर्धनात्मक कार्यको लागि तोकिए बमोजिमको समिति वा एकाइ गठन गर्न सक्नेछ।

## परिच्छेद –७

## कसूर र सजाय

५०. **कसूर गरेको मानिने:** कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ४ बमोजिम इजाजतपत्र नलिई होटल वा रिसोर्ट सञ्चालन गरे गराएमा,

(ख) दफा ६ बमोजिम सेवा र गुणस्तरको अनुगमन कार्यमा बाधा विरोध गरेमा वा सो दफा बमोजिम दिइएको निर्देशन पालना नगरेमा,

(ग) दफा ८ बमोजिम मूल्यसूची प्रकाशन नगरेमा,

(घ) दफा ९ बमोजिम पालना गर्नुपर्ने सर्त पालना नगरेमा,

(ङ) दफा ११ बमोजिम अनुमति नलिई कुनै हिमालचुली आरोहण गरे, गराएमा वा त्यस्तो कार्य गर्ने वा सोको लागि प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरे, गराएमा,

(च) दफा १२ बमोजिम अनुमति नलिई हिमालचुलीबाट साहसिक पर्यटीय क्रियाकलाप गरेमा,

(छ) दफा १५ बमोजिम स्वीकृत पर्वतारोहण मार्गको प्रयोग नगरेमा,

(ज) दफा १८ बमोजिम पर्वतारोहण दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथ प्रदर्शक वा पर्वतारोहण सहयोगीको बिमा नगराएमा,

(झ) दफा १९ विपरीत पर्वतारोहणको क्रममा फोहोर वा प्रदूषण हुने कार्य गरे, गराएमा,

(ञ) दफा २१ बमोजिमको दायित्व र जिम्मेवारी पूरा नगरेमा,

(ट) दफा २२ बमोजिम बुझाउनु पर्ने प्रतिवेदन वा विवरण नबुझाएमा वा झुठ्ठा प्रतिवेदन वा विवरण बुझाएमा,

(ठ) दफा २९ बमोजिम इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गरेमा वा दफा ३५ को उपदफा (६) बमोजिम कुनै कार्य गरेमा,

(ड) दफा ३७ बमोजिम स्वीकृति नलिई होटल वा रिसोर्ट परिवर्तन गरेमा,

(ढ) दफा ३८ बमोजिम दिइएको आदेश वा निर्देशन पालना नगरेमा,

(ण) दफा ४४ को उपदफा (१) बमोजिम इजाजतपत्र नलिई साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सञ्चालन गरेमा,

(त) दफा ६३ को उपदफा (१) बमोजिमको कार्य नगरेमा।

(थ) यो ऐन वा यस ऐन बमोजिम बनेका नियम वा मन्त्रालय वा विभागको आदेश वा निर्देशन उल्लङ्घन गरेमा वा उल्लङ्घन गर्न दुरुत्साहन गरेमा।

५१. <u>सजायः</u> (१) दफा ५० बमोजिमको कसूर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा ५० को खण्ड (क) बमोजिमको कसूरमा पचास हजार रूपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना गरी इजाजतपत्र लिन अवधि तोकी आदेश दिने,

(ख) दफा ५० को खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसूरमा बिस हजार रूपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना,

(ग) दफा ५० को खण्ड (ङ) वा (ञ) बमोजिमको कसूरमा देहाय बमोजिमको सजायः-

(१) नेपाली नागरिकले कसूर गरेको भए दश वर्षसम्म नेपालका हिमालचुली आरोहण गर्न नपाउने गरी प्रतिबन्ध लगाउने वा

सम्बन्धित हिमालचुली आरोहण गर्न लाग्ने रोयल्टी रकमको दोब्बर रकम जरिबाना गर्ने वा दुवै सजाय,

तर विदेशी व्यक्तिले कसूर गरेकोमा निजलाई यस उपखण्डमा उल्लिखित सजाय वा पाँच वर्षसम्म नेपाल प्रवेश गर्न रोक लगाउने वा दुवै सजाय गर्न सकिनेछ।

(२) ट्रेकिङ्ग एजेन्सीले कसूर गरेको भए सम्बन्धित हिमालचुली आरोहण गर्न लाग्ने रोयल्टी रकम बराबर जरिबाना गर्ने वा पर्वतारोहण सम्बन्धी कार्य गर्न पाँच वर्ष सम्म प्रतिबन्ध लगाउने वा दुवै सजाय र पुनः सोही कसूर गरेमा रोयल्टी रकमको दोब्बर रकम जरिबाना गरी एजेन्सी खारेज गर्न सकिनेछ।

(घ) दफा ५० को खण्ड (च), (छ) वा (ज) बमोजिमको कसूरमा पाँच लाख रुपैयाँसम्म जरिबाना,

(ङ) दफा ५० को खण्ड (झ) बमोजिमको कसूरमा पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,

(च) दफा ५० को खण्ड (ट) बमोजिमको कसूरमा सम्बन्धित हिमालचुली आरोहण गर्न लाग्ने रोयल्टी रकमको दोब्बर रकम जरिबाना गर्ने वा दश वर्षसम्म नेपालका हिमालचुली आरोहण गर्न गराउन नपाउने गरी प्रतिबन्ध लगाउने वा दुवै सजाय,

तर सार्वजनिक पद धारण गरेको व्यक्तिलाई सम्पर्क अधिकृत खटाइएको भएमा निजलाई प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(छ) दफा ५० को खण्ड (ठ) बमोजिमको कसूर गर्ने व्यक्ति वा इजाजतपत्रवालालाई एक करोड रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्म जरिबाना र त्यस्तो कार्यमा प्रमुख भई काम गर्ने व्यक्ति वा सोको मुख्य भई काम गर्ने सञ्चालकलाई एक वर्षदेखि तीन वर्षसम्म कैद,

(ज) दफा ५० को खण्ड (ड) बमोजिमको कसूरमा दश लाख रुपैयाँसम्म जरिबाना,

(झ) दफा ५० को खण्ड (ढ) बमोजिमको कसूरमा पहिलो पटकको लागि पच्चिस लाख रूपैयाँदेखि पचास लाख रूपैयाँसम्म जरिबाना र त्यसपछि पटकैपिच्छे दोब्बर रकम जरिबाना,

(ञ) दफा ५० को खण्ड (ण) बमोजिमको कसूरमा पाँच लाख रुपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिबाना,

(ट) दफा ५० को खण्ड (त) बमोजिमको कसूरमा पाँच लाख रुपैयाँदेखि आठ लाख रूपैयाँसम्म जरिबाना,

(ठ) दफा ५० को खण्ड (थ) बमोजिमको कसूरमा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम इजाजतपत्र लिन आदेश दिएको नब्बे दिनभित्र इजाजत नलिई होटल वा रिसोर्ट सञ्चालन गरेमा महानिर्देशकले उक्त व्यवसाय बन्द गर्न आदेश दिन सक्नेछ।

(३) दफा ३८ को उपदफा (५) बमोजिम सञ्चालनमा रोक लगाइएको क्यासिनोमा प्रयोग गरिएको जुनसुकै प्रकारको यन्त्र, उपकरण, नगद, जिन्सी वा सोसँग सम्बन्धित जुनसुकै वस्तुलाई कसूरजन्य सम्पत्ति मानी जफत गरिनेछ।

(४) क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त कम्पनीले यस ऐन बमोजिमको जरिबाना वा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना बापतको रकम तोकिएको अवधिभित्र नबुझाएमा त्यस्तो रकम दफा ३४ बमोजिम पेस गरेको जमानतबाट असुल गरिनेछ। त्यसरी रकम असुल गर्दा समेत कुनै रकम बाँकी हुन आएमा बाँकी रकम इजाजतपत्र प्राप्त कम्पनीको सञ्चालकबाट सरकारी बाँकी सरह असुल गरिनेछ।

(५) दफा २२ को उपदफा (१) बमोजिम दिएको प्रतिवेदन झुट्टा ठहरेमा त्यस्तो प्रतिवेदनको आधारमा पर्वतारोहण प्रमाणपत्र जारी भएको रहेछ भने महानिर्देशकले त्यस्तो प्रमाणपत्र रद्द गर्नु पर्नेछ।

५२. **<u>मुद्दा हेर्ने अधिकारीः</u>** दफा ५१ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय हुने कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई, सोही उपदफाको खण्ड (ग) र (च) बमोजिम सजाय हुने कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयको सचिवलाई र सोही उपदफाका अन्य खण्ड बमोजिम सजाय हुने कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार विभागको महानिर्देशकलाई हुनेछ।

५३. **<u>नेपाल सरकार वादी हुनेः</u>** दफा ५१ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची मा समावेश भएको मानिनेछ।

५४. **<u>पुनरावेदनः</u>** (१) दफा ५२ बमोजिम जिल्ला अदालत र मन्त्रालयको सचिवबाट शुरु कारबाही र किनारा भएकोमा उच्च अदालतमा र विभागको महानिर्देशकबाट शुरु कारबाही र किनारा भएकोमा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

(२) दफा (१) बमोजिम पुनरावेदन गर्दा शुरु कारबाही र किनारा भएको मितिले पैंतिस दिनभित्र गर्नु पर्नेछ।

## परिच्छेद-८
## <u>विविध</u>

५५. **ट्राभल तथा टूर एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, पदयात्रा र पथप्रदर्शकको इजाजतपत्र**: (१) ट्राभल तथा टूर एजेन्सी, ट्रेकिङ्ग एजेन्सी र पथ प्रदर्शकको काम गर्न चाहने नेपाली नागरिकले सम्बन्धित प्रदेशको कानून बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

५६. **घरबास (होमस्टे):** (१) घरबास (होमस्टे) सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले स्थानीय कानून बमोजिम अनुमति लिनु पर्नेछ।

(२) घरबास सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधार तथा सुरक्षा सम्बन्धी मापदण्ड प्रदेश कानून बमोजिम हुनेछ।

५७. **पर्यटकीय यातायात सेवा:** पर्यटक वा आन्तरिक पर्यटकका लागि पर्यटक यातायात सेवा सञ्चालन गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

५८. **आन्तरिक पर्यटन प्रवर्धन सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकारले आन्तरिक पर्यटन प्रवर्धनको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक तथा सङ्गठित संस्थामा पर्यटन बिदाको व्यवस्था गर्न सकिनेछ।

(३) आन्तरिक पर्यटन प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **पर्यटक प्रहरी** : (१) पर्यटकको उचित सुरक्षा, उद्धार तथा गुनासो सम्बोधन गर्न आवश्यक सङ्ख्यामा पर्यटक प्रहरी रहनेछन्।

(२) उपदफा (१) बमोजिमको पर्यटक प्रहरी नेपाल प्रहरीबाट उपलब्ध गराइनेछ।

(३) महानिर्देशकले उपदफा (१) बमोजिमको पर्यटक प्रहरीको परिचालन गर्नेछ।

(४) पर्यटक प्रहरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६०. **एकीकृत पर्यटकीय उपज (युनिफाइड टुरिजम प्रोडक्ट) को विकास:** (१) मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय तथा साझेदारी गरी एकीकृत पर्यटकीय उपज (युनिफाइड टुरिजम प्रोडक्ट) को विकास गर्न सक्नेछ।

(२) एकीकृत पर्यटकीय उपजको विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६१. **विशेष पर्यटकीय क्षेत्रको घोषणा:** (१) नेपाल सरकारले नेपालका पर्यटकीय आकर्षण भएको क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रको विकास, प्रवर्धन तथा व्यवस्थापनका लागि नेपाल सरकारले प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गर्नेछ।

(३) उपदफा (१) बमोजिमको क्षेत्रमा बन्ने पूर्वाधार र भौतिक संरचनाको ढाँचा र मापदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ।

६२. **<u>छुट तथा सहुलियत दिन सक्ने</u>:** नेपाल सरकारले तोकेको स्थानमा होटेल, रिसोर्ट स्थापना र संचालन गर्न तथा पर्यापर्यटन, एग्रो पर्यटन, साहसिक पर्यटनको प्रवर्धनको लागि छुट, सहुलियत, प्रोत्साहन र सुविधा दिन सक्नेछ।

६३. **<u>आपतकालीन खोज, उद्धार तथा उपचार</u>:** (१) दुर्घटनामा परेका, सम्पर्क बिहीन भई बेपत्ता भएका वा गम्भीर स्वास्थ्य अवस्था भएका पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी व्यवस्थापनको जिम्मेवारी सम्बन्धित ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको हुनेछ।

(२) उपदफा (१) बमोजिम पर्यटकको खोज, उद्धार तथा उपचारको व्यवस्थापन सम्बन्धित ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले गर्न नसकेमा वा खोज तथा उद्धारका लागि अन्य सरकारी निकायसँग समन्वय गर्नु पर्ने भएमा त्यस्तो ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको अनुरोधमा विभागले खोज, उद्धार तथा उपचारको लागि सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्यटकको खोज, उद्धार तथा उपचारमा संलग्न ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको अनुगमन विभागले गर्नु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ट्राभल तथा टूर एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीसँग आवद्ध नभई पर्यटकीय क्रियाकलापमा संलग्न रहेका पर्यटकको खोज, उद्धार तथा उपचारको लागि विभागले आवश्यक व्यवस्था मिलाउनेछ।

(५) आपतकालीन अवस्थामा रहेका पर्यटकको खोज, उद्धार तथा उपचारको लागि विभागले आवश्यक उपकरण सहित तालिम प्राप्त जनशक्ति परिचालन गर्न सक्नेछ।

(६) पर्वतारोहण गर्न गएको कुनै व्यक्ति सम्पर्कबिहीन भएको र एक वर्षसम्म खोजी गर्दा समेत नभेटिएको अवस्थामा निजलाई मृत घोषणा गर्न सकिनेछ।

(७) पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. **<u>पर्यटकीय सेवाको गुणस्तर र पर्यटकको सुरक्षा सम्बन्धी व्यवस्था</u>:** पर्यटकलाई लक्षित गरी उपलब्ध गराइने सेवा सुविधाको गुणस्तर सम्बन्धमा मन्त्रालयले मापदण्ड बनाउन सक्नेछ।

(२) सेवा सुविधाको गुणस्तरको मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. **<u>एकीकृत सेवा दिन सकिने</u>:** (१) मन्त्रालयले पर्यटकलाई नेपालको विभिन्न प्राकृतिक, सांस्कृतिक वा ऐतिहासिक स्थलमा प्रवेश अनुमति दिने लगायतका सम्बन्धमा एकीकृत रुपमा सेवा दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत सेवा दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६६. **<u>जनशक्ति उत्पादन तथा व्यवस्थापनः</u>** मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय तथा निजी क्षेत्रसँग सहकार्य गरी पर्यटन उद्योगमा आवश्यक पर्ने माउण्टेन गाइड, ट्रेकिङ्ग गाइड, टुर तथा ट्राभल गाइड, रिभर गाइड, कुक, कुपियर, स्टेवार्ड वा तोकिए बमोजिमका अन्य जनशक्तिको उत्पादन तथा परिचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

६७. **<u>पर्यटकले ल्याएको मालसामान बिक्रीमा प्रतिबन्ध लगाउन सक्नेः</u>** (१) पर्यटकले पर्यावरणमा नकारात्मक असर पार्ने मालसामान वा वस्तु विदेशबाट नेपालमा ल्याई कसैलाई बिक्री, दान, दातव्य वा अरू कुनै प्रकारबाट हक हस्तान्तरण गर्न पाउने छैन।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पर्यटकले आफूसँगै फिर्ता लैजानु पर्ने मालसामान वा वस्तुको सूची प्रकाशन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचीमा समावेश भएका मालसामान वा वस्तु कसैले लिएमा वा दिएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो मालसामान वा वस्तु जफत गरी दिने व्यक्तिलाई मालसामान वा वस्तुको मूल्य बराबरको रकम जरिबाना गरी त्यसरी जफत गरिएका मालसामान वा वस्तु निजको खर्चमा सम्बन्धित देशमा लैजाने गरी फिर्ता दिनु पर्नेछ।

६८. **<u>प्रतिवेदन वा विवरण पेस गर्नु पर्नेः</u>** यो ऐन बमोजिम विभागबाट इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले तोकिएको अवधिभित्र तोकिए बमोजिमको प्रतिवेदन र विवरण विभागमा पेस गर्नु पर्नेछ।

६९. **<u>विवरण हेरफेर भएमा जानकारी दिनु पर्नेः</u>** (१) यो ऐन बमोजिम विभागबाट इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो इजाजतपत्र वा अनुमतिको लागि दरखास्त दिंदाका बखत खुलाएको विवरणमा कुनै हेरफेर भएमा त्यस्तो हेरफेर भएको मितिले पन्ध्र दिनभित्र विभागमा लिखित जानकारी दिनु पर्नेछ।

(२) यस ऐन बमोजिम विभागबाट इजाजतपत्र वा अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले आफ्नो व्यवसाय बन्द गरेमा त्यस्तो व्यवसाय बन्द भएको मितिले पन्ध्र दिनभित्र विभागमा लिखित जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट व्यवसाय बन्द भएको जानकारी प्राप्त भएमा बन्द भएको व्यवसायको कुनै शुल्क वा बक्यौता असुल हुन बाँकी रहेको भए त्यस्तो बाँकी रहेको रकम असुल गरी विभागले त्यस्तो व्यवसायको इजाजतपत्र वा अनुमति खारेज गरि दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवसायको इजाजतपत्र वा अनुमति खारेज भएको जानकारी विभागले सम्बन्धित आन्तरिक राजस्व कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालयलाई दिनु पर्नेछ।

७०. **<u>अधिकार प्रत्यायोजन गर्न सक्नेः</u>** (१) यो ऐन बमोजिम नेपाल सरकारलाई प्राप्त कुनै अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश, स्थानीय तह, कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन बमोजिम मन्त्रालय वा विभागलाई प्राप्त कुनै अधिकार मन्त्रालय वा विभागले मातहतका कार्यालय वा अधिकृतस्तरका कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि न्यायिक रोहबाट निर्णय गर्नुपर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन।

७१. **नियम बनाउने अधिकार:** नेपाल सरकार, मन्त्रिपरिषद्‌ले यो ऐन कार्यान्वयन गर्न आवश्यक नियमहरू बनाउन सक्नेछ।

७२. **निर्देशिका वा मापदण्ड बनाउन सक्ने**: मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली प्रतिकूल नहुने गरी आवश्यकता अनुसार निर्देशिका र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

७३. **अनुसूची हेरफेर गर्न सक्नेः** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

७४. **खारेजी र बचाउ:** (१) पर्यटन ऐन, २०३५ खारेज गरिएको छ।

(२) पर्यटन ऐन, २०३५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

**पर्यटन उद्योग**

१. होटल तथा रिसोर्ट
२. पदयात्रा तथा पर्वतारोहण
३. ट्राभल तथा टूर
४. पर्यटक यातायात
५. क्यासिनो
६. होमस्टे (घरबास)
७. जलयात्रा (र्‍याफ्टिङ)
८. क्यानोइङ तथा कायाकिङ
९. क्यानोनिङ्ग
१०. प्याराग्लाइडिङ
११. अल्ट्रालाइट
१२. स्काइ डाइभिङ्ग
१३. जंगल सफारी, बर्डवाचिङ तथा हण्टिङ्ग
१४. क्याम्पिङ
१५. हाईकिङ
१६. स्कीइङ्ग
१७. जिप फ्लायर
१८. स्वीङ
१९. स्काइ वाक
२०. बन्जिजम्पिङ्ग
२१. रक क्लाइम्बिङ्ग
२२. आइस हक्की
२३. आइस स्केटिङ
२४. आइस केभिङ
२५. माउन्टेन बाइकिङ
२६. गल्फ
२७. पोलो
२८. पोनि ट्रेकिङ्ग
२९. बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी पर्यटन (माइस टुरिजम)
३०. ग्रामीण पर्यटन
३१. धार्मिक पर्यटन

३२. सांस्कृतिक पर्यटन
३३. पर्यापर्यटन
३४. कृषि पर्यटन
३५. शिक्षा पर्यटन
३६. खेलकुद पर्यटन
३७. आरोग्य तथा स्वास्थ्य पर्यटन
३८. योग, ध्यान तथा आयुर्वेद
३९. चलचित्र पर्यटन
४०. रिट्रिट व्यवसाय
४१. पर्यटकीय केबलकार
४२. मनोरञ्जन पार्क
४३. डेस्टिनेसन वेडिङ
४४. मन्त्रालयले तोकेका अन्य पर्यटकीय गतिविधिहरू